# राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत प्रदेश र स्थानीय तहहरूमा सञ्चालित बाली विकास कार्यक्रमहरूको प्रगति प्रतिवेदन

## २०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**
श्रीमहल, ललितपुर

# प्रदेश तहमा सञ्चालित कार्यक्रमका केही झलकहरु



कृषि ज्ञान केन्द्र, झापा



कृषि ज्ञान केन्द्र, झापा



प्रदेश १, कृषि ज्ञान केन्द्र, बारा



कृषि ज्ञान केन्द्र, झापा

# राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत प्रदेश र स्थानीय तहहरुमा सञ्चालित बाली विकास कार्यक्रमहरुको प्रगति प्रतिवेदन

## २०७७

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

**राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत प्रदेश र स्थानीय तहहरुमा सञ्चालित बाली विकास कार्यक्रमहरुको प्रगति प्रतिवेदन-२०७७**

**प्रकाशक**

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर
फोनः ०१-५५२११५१, ५५५०२२६
Email : cdabc2018@gmail.com
Website : www.doacrop.gov.np
Facebook : https://www.facebook.com/crop.development.1

प्रकाशन वर्षः २०७९

© बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर

बा.वि.तथा कृ.जै.वि.सं.के. (२०७९). राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत प्रदेश र स्थानीय तहहरुमा सञ्चालित बाली विकास कार्यक्रमहरुको प्रगति प्रतिवेदन-२०७७ (आ.व. २०७८/७९). बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर ।

CCDABC (2022). Progress Report of Crop Development Programs implemented at Local and Provincial levels (conditional grant) under National Food Security Mission (2021/22). Centre for Crop Development and Agro-Biodiversity Conservation, Shree Mahal, Lalitpur, Nepal.

# विषय सूची


१. पृष्ठभूमि ........ १

२. कार्यक्रमको उद्देश्य ........ ३

३. अपेक्षित उपलब्धिहरु ........ ३

४. कार्यक्रमको लक्षित समूह ........ ४

५. राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत सर्शत अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरु, सञ्चालित कार्यक्रम र बजेट सम्बन्धी विवरण ........ ४

६. राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत सर्शत अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन प्रादेशिक कृषि मन्त्रालयहरु मार्फत पठाइएको कार्यक्रम र बजेट सम्बन्धी विवरण ........ ९

७. राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम कार्यान्वयनका लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रद्वारा सञ्चालित क्रियाकलापहरु ........ ९

७.१ स्थानीय तहहरुसँग जुम मिटिङ मार्फत अभिमुखीकरण ........ ९

७.२ खाद्य सुरक्षा मिसन-धान कार्यान्वयनका लागि सरोकारवाला निकायहरुको गोष्ठी ........ १०

७.३ राष्ट्रिय खाद्य सुरक्षा मिशन - प्रदेश र स्थानीय तहसंग मकै प्रवर्द्धन कार्यक्रमको एकीकृत योजना तर्जुमा गोष्ठी ........ ११

८. संघीय सशर्त हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा लागु भएको बाली विकास कार्यक्रमका उपलब्धि एवं प्रगतिको अवस्था ........ १३

८.१ कार्यक्रमको प्रगति ........ १३

८.२ सञ्चालित क्रियाकलापहरुको प्रगति एवं उपलब्धिहरुको सारांश ........ १४

८.३ वित्तीय प्रगतिको अवस्था ........ १७

९. विवरणात्मक प्रगति एवं प्रमुख उपलब्धिहरु ........ २१

९.१ धान उत्पादन प्रवर्द्धन कार्यक्रम ........ २१

९.२ मकै बाली प्रवर्द्धन कार्यक्रम ........ २५

९.३ रैथाने बाली प्रवर्द्धन कार्यक्रम ........ २७

१०. कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु ........ २९

११. सफलताको कथाहरु ........ ३१

१२. स्थानीय तहबाट कार्यक्रम कार्यन्वयनका शिलशिलामा प्राप्त सुझावहरु ........ ३४

# दुई शब्द

जनसंख्याको तिव्र बृद्धि संगै उच्च दरमा खाद्यान्नको माग बढ्नु, पशुपन्छीको दाना र अन्य औद्योगिक प्रयोजनको लागि खाद्यान्नको माग बढ्दै जानु, विभिन्न कारणले खेतियोग्य जमिन घट्दै जानुले कृषि उत्पादन अपेक्षित रुपमा बढ्न नसक्नु, परम्परागत रुपमा उपभोग हुने गरेको रैथाने खाद्यान्न बालीहरुको उत्पादन तथा उपभोग निरन्तर घट्दै जानु लगायतका कारणले खाद्यान्न आयात वर्षेनी उच्च दरमा बढ्दै गइरहेको छ । यसले एकातर्फ देशको व्यापार घाटा बढाइ समग्र अर्थतन्त्रमा नै नकारात्मक असर पारेको छ भने अर्को तर्फ दिगो खाद्य सुरक्षा र आत्मनिर्भर अर्थतन्त्र विकासमा चुनौति थपेको छ। यस्ता चुनौतिहरुलाई सम्बोधन गरि प्रमुख खाद्यान्नमा क्रमशः आत्मनिर्भरता हासिल गर्न तथा बढ्दो खाद्य तथा कृषि आयात कम गर्न सघाउ पुर्याउन नेपाल सरकारबाट विभिन्न प्रयासहरु हुँदै आएका छन् ।

यसै सन्दर्भमा स्थानीय तथा राष्ट्रिय खाद्य सुरक्षाका दृष्टिले महत्वपूर्ण मानिएका प्रमुख खाद्यान्न बालीहरु र परम्परागत रुपमा खेती गरिदै आएका रैथाने बालीहरुको उत्पादन वृद्धि र मूल्य श्रृंखला विकास गर्ने हेतुले बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको पहलमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तोकिएका प्रदेश र स्थानीय तहहरु मार्फत सञ्चालन हुने गरी आ.व. २०७७।७८ देखि सर्शत वित्तीय हस्तानन्तरणमा राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत धान, मकै र रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइएको थियो । गत आ.व. ०७७।७८ मा सर्शत वित्तीय हस्तान्तरण मार्फत बाली विकास कार्यक्रम अन्तर्गत ३७ वटा स्थानीय तहहरुमा धान उत्पादन प्रवर्द्धन कार्यक्रम, ३८ वटा स्थानीय तहहरुमा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम र ३० वटा स्थानीय तहहरुमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम गरी समग्रमा १०० वटा स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शी एवं प्रभावकारी रुपमा कार्यन्वयन गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्विकृत गरी सम्बन्धित निकायहरुमा कार्यान्वयनका लागि पठाई अभिमुखीकरण समेत गरिएको थियो । तोकिएका प्रदेश र स्थानीय तहहरुमा सञ्चालित उक्त कार्यक्रमहरुबाट तोकिएका बालीहरुको क्षेत्र विस्तार, बीउ उत्पादन, सिंचित क्षेत्र विस्तार, कृषि यान्त्रिकीकरण प्रवर्द्धन, प्रविधि प्रसार तथा कृषकको क्षमता अभिवृद्धि लगायतका उपलब्धिहरु हासिल भएको छ ।

उक्त राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यान्वयनको अवस्था र हासिल उपलब्धिहरुलाई अभिलेखीकरण गर्नका लागि यो प्रतिवेदन प्रकाशन गरिएको हो । यस प्रतिवेदनमा प्रदेश र स्थानीय तहमा संघीय सशर्त वित्तीय अनुदान मार्फत सञ्चालित धान/मकै/रैथाने बाली प्रवर्द्धन कार्यक्रमहरुको प्रगति स्थिति, हासिल भएका उपलब्धिहरु र कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या एवं समाधानका लागि सुझावहरुलाई लिपिबद्ध गर्ने प्रयास गरिएको छ । अन्तमा, यो प्रतिवेदन तयारीमा मुख्य भूमिका खेल्नु हुने यस केन्द्रमा कृषि विज्ञका रुपमा कार्यरत श्री आमोद गौतम, श्री सुस्मिता घिमिरे र श्री संजय कार्की तथा कृषि प्रसार अधिकृत श्री सगुन शर्मा पण्डित र वरिष्ठ कृषि अर्थ विज्ञ श्री महानन्द जोशी लगायत अन्य सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**- डा. रामकृष्ण श्रेष्ठ**

प्रमुख

# १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । सो को कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धि ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको छ । पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले खाद्य र पोषण सुरक्षा तथा खाद्य संप्रुभता सहितको दिगो, प्रतिस्पर्धि तथा समृद्ध कृषि क्षेत्रको विकासका लागि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने उद्धेश्य राखेको छ । त्यसैगरी, कृषि क्षेत्रको समग्र विकासको लागि मार्ग चित्रको रुपमा रहेको कृषि विकास रणनीति (सन् २०१५- २०३५) ले पाँच वर्षभित्र खाद्यान्नको व्यापार घाटा शून्य प्रतिशतमा झार्ने र २० वर्षभित्रसम्म खाद्यान्नको व्यापारलाई शून्य देखि ५ प्रतिशतसम्म बृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा क्षेत्रफल, उत्पादन र उपभोगका हिसाबले प्रमुख खाद्यान्न बालीका रुपमा धान, मकै र गहुँ रहेका छन् । नेपालमा खेती हुने खाद्यान्न बालीहरुमध्ये धानबालीले क्षेत्रफल र उत्पादानका हिसावले प्रमुख स्थान ओगटेको छ । खाद्यान्नबाट आपूर्ति हुने कूल क्यालोरी मध्ये करिव ५० प्रतिशत भात वा चामलजन्य परिकारहरुबाट प्राप्त हुने गरेको छ भने धानबालीले नेपालको कूल गार्हस्थ उत्पादनमा करिव ५ प्रतिशत योगदान दिएको पाइन्छ । यस्तै खाद्य तथा पोषण सुरक्षाका लागि पहाडी भेगमा खाद्यान्नको रुपमा मकैको प्रयोग भइरहेको छ भने तराईमा खाद्यान्नको अतिरिक्त पशुआहार उत्पादन गर्ने उद्योगहरुलाई मुख्य कच्चा पदार्थ उपलब्ध गराउने प्रमुख औद्योगिक बालीको रुपमा मकैबालीको महत्व रहेको छ । कोदो, फापर, जौ लगायतका रैथाने बालीले उच्च पहाडी क्षेत्रमा खाद्य तथा पोषण सुरक्षामा उल्लेख्य भूमिका निर्वाह गरिरहेका छन् । धान र मकैको बढ्दो माग र आयातको तुलनामा आन्तरिक उत्पादन तथा उत्पादकत्व कम रहेको छ । गुणस्तरीय बीउको अभाव, कमजोर प्रविधि प्रसार, उत्पादन सामग्रीहरुको सहज व्यवस्थापन हुन नसक्नु, परम्परागत खेती प्रणालीको नियमितता तथा उत्पादित उपजको उचित पोष्टहार्भेष्ट र बजार व्यवस्थापन प्रणाली कमजोर भएकाले कृषि उपजको उत्पादन र उपलब्धतामा समस्या देखिएको छ। यस्तै कृषि भूमिको शहरी एवम् बजार क्षेत्रमा गैह्रकृषि प्रयोजनमा रुपान्तरण हुनु, जमीनको खण्डीकरण तथा उच्च उत्पादन लागतका कारणले समेत खाद्यान्न बालीको उत्पादनमा कमी आएको देखिन्छ ।

यस सन्दर्भमा कृषि क्षेत्रमा भएको सरकारी लगानी र विगतका विभिन्न प्रयासहरुका बावजुद मागको तुलनामा प्रमुख खाद्यान्न बालीहरुको उत्पादनमा आशातित वृद्धि हुन नसक्दा खाद्यान्न आयात वर्षेनी उच्च दरमा बढिरहेको छ । नेपालमा हाल धान/चामलको हकमा मसिना तथा बास्नादार चामल, मकैको हकमा दाना उद्योगलाई चाहिने गुणस्तरीय हाइब्रिड मकै र गहुँको सन्दर्भमा bread wheat को आयात बढेको पाइन्छ । जनसंख्याको तिव्र बृद्धि, दैनिक खानेबानीमा भात सधैं प्राथमिकतामा रहनु तथा नेपालीको

क्रयशक्तिमा भएको सुधारको कारण मसिना तथा वास्नादार चामलको माग बढ्न जाँदा आन्तरिक उत्पादनले नधाने पछि पछिल्ला बर्षहरुमा आयात हुने धानको करिब ७५ प्रतिशत भन्दा बढी मसिनो प्रकृतिको चामलका रुपमा रहेको पाइन्छ । त्यस्तै बढ्दो व्यवसायिक पशुपन्क्षी पालन तथा पशुजन्य उत्पादनको बढ्दो उपभोगले दानाको मागमा वृद्धि भएकाले नेपालमा ठूलो परिमाणमा खाद्यान्नको आयात भएको देखिन्छ । दाना उद्योगमा प्रयोग हुने करिव ७० प्रतिशत मकै आयात हुने गरेको तथ्याङ्क छ । यसका साथै नेपालको पहाडी र हिमाली क्षेत्रमा हुने रैथाने बालीहरु समेत जनश्रम अभाव एवं बढ्दो धान/चामललको प्रयोगले प्रतिस्थापन हुने अवस्थामा पुगेका छन् ।

प्रमुख खाद्यान्न बालीहरुको उत्पादन तथा उत्पादकत्वत्व बढाई उत्पादित खाद्यान्नको सहज उपलब्धता मार्फत खाद्य सुरक्षामा टेवा पुर्याउदै आयात प्रतिस्थापनमा योगदान दिनु आजको राष्ट्रिय आवश्यकताका रुपमा देखापरेको छ । यसका साथै रैथाने बालीहरुको संरक्षण, प्रवर्द्धन र उपयोग मार्फत स्थानीय खाद्य तथा पोषण सुरक्षामा योगदान दिन सकिने संभावना रहन्छ । तसर्थ बढ्दो आयात प्रतिस्थापनको समस्या समाधान गर्न एवं देशलाई प्रमुख खाद्यान्न बालीहरुमा आत्मनिर्भरतातर्फ अग्रसर गराउनका लागि ठोस प्रयास नगर्ने हो भने आगामी दिनहरुमा खाद्य तथा पोषण सुरक्षा र बढ्दो आयातको समस्या अझ विकराल बन्न सक्ने देखिन्छ ।

यसका लागि प्रमुख खाद्यान्न र रैथाने बालीहरुको क्षेत्रमा बीउ उपक्षेत्रको सुदृढीकरणसंगै उत्पादन प्रवर्द्धन, सिंचाई सुविधाको विस्तार, उत्पादित उपजको उचित भण्डारण लगायतको पोष्टहार्भेष्ट, बजार व्यवस्थापन र सम्बन्धित बालीको समग्र मूल्य श्रृंखलालाई सुदृढीकरण गर्न अपरिहार्य देखिन्छ । यसै संभावना र अवसरलाई मध्यनजर गरी बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको पहलमा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्थानीय तहहरु र प्रादेशिक कृषि कार्यालयहरु मार्फत सञ्चालन हुने गरी आ.व. २०७७।७८ देखि सर्शत वित्तीय हस्तानन्तरणमा धान, मकै र रैथानेबालीमा राष्ट्रिय खाद्य सुरक्षा मिसन सञ्चालनमा ल्याइएको थियो ।

आ.व. ०७७।७८ मा सर्शत वित्तीय हस्तान्तरण मार्फत बाली विकास कार्यक्रम अन्तर्गत ३७ वटा स्थानीय तहहरुमा धान उत्पादन प्रवर्द्धन कार्यक्रम, ३८ वटा स्थानीय तहहरुमा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम र ३० वटा स्थानीय तहहरुमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम गरी समग्रमा १०० वटा स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शी एवं प्रभावकारी रुपमा कार्यन्वयन गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्विकृत गरी लागु गरिएको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य देशको प्रमुख खाद्यान्न बालीहरु र रैथाने बालीहरुको स्थानीय स्तरमा उत्पादन वृद्धि गरि खाद्य पोषण सुरक्षामा सुधार गर्ने, आयात कम गरि आत्मनिर्भरता बढाउने तथा

उपलब्ध उत्पादन स्रोत-सामग्री एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्ने र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत गर्ने रहेको थियो। कार्यक्रमबाट उत्पादित उपजको बजार एवं वितरण प्रणालीमा सुधार गरि आम कृषक र उद्यमी एवं व्यवसायीलाई उचित प्रतिफल सुनिश्चित गरि कृषक तथा कृषि उद्यमीहरुलाई कृषि उत्पादन र कृषि व्यवसायप्रति अभिप्रेरित गर्ने र परम्परागत अन्न एवं रैथाने बालीहरुको (कोदो, फापर, चिनो, कागुनो, लट्टे, आदि) प्रवर्द्धन गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउनुका साथै ग्रामिणस्तरमा रैथाने बालीहरु को संरक्षण, उत्पादन तथा बजार प्रवर्द्धन, कृषकहरुको आयस्तरमा बृद्धि, खाद्य तथा पोषण सुरक्षामा सुधार र तिन तहका सरकार बिच कार्यक्रम कार्यान्वयनमा समन्वय र सामान्जस्यता वृद्धि गर्ने लक्ष्य लिइएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

- धान तथा मकै बालीमा प्रविधि विस्तार, यान्त्रिकीकरण प्रवर्द्धन, पूर्वाधार विकास एवं बजार व्यवस्थापन लगायतका क्रियाकलापहरुलाई एकिकृत रुपमा मिशन कार्यक्रमको रुपमा सञ्चालन गरी धान/मकैको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी धान/चामल तथा मकैको आयात प्रतिस्थापनामा सहयोग पुर्याउने।
- परम्परागत अन्न एवं कोदो जन्य स्थानीय तथा रैथाने बालीहरुको प्रवर्द्धनमार्फत उत्पादन एवं उपभोग बढाई खाद्य तथा पोषण सुरक्षामा सुधार गर्ने तथा बढ्दो खाद्यान्न आयात कम गरी आत्मनिर्भरता बढाउने ।

## ३. अपेक्षित उपलब्धिहरु

- कार्यक्रम सञ्चालन हुने प्रदेश तथा स्थानीय तहहरुमा ३५००० हे क्षेत्रफलमा नेपालमा विकास भएका मसिनो प्रकृतिको धानमा तथा कम्तिमा ५००० हे क्षेत्रफलमा चैते धानमा कार्यक्रम सञ्चालन भई थप ५०००० मे. टन धान उत्पादन हुने ।
- तराई, मधेस तथा मध्य पहाडी जिल्लाहरुका हिउँदे र वर्षे मकैको करिब ३५००० हे मा कार्यक्रम सञ्चालन तथा ५००० हे बसन्ते मकैको क्षेत्र विस्तार भई थप ६५००० मे टन मकैको उत्पादन बृद्धि हुने ।
- रैथाने बालीहरुको उत्पादन र बजारीकरणको दुरी कम भई रैथाने तथा स्थानीय बालीहरुको प्रवर्द्धन भएको हुने ।

## ४. कार्यक्रमको लक्षित समूह

कार्यक्रम अन्तर्गत सञ्चालन भएको धान र मकै संभाग तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/ उपभोक्ता समिति/ नीजि उद्यमी/ कम्पनी हुन सक्ने र रैथाने बाली प्रवर्द्धन तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/ होमस्टे सञ्चालक/ रैथाने र स्थानीय बालीहरुको प्रशोधन विविधिकरण र बजारीकरणसंग सम्बन्धित व्यवसायीहरु लक्षित समूहका रुपमा सहभागी हुन सक्ने व्यवस्था रहेको थियो ।

## ५. राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत सर्शत अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरु, सञ्चालित कार्यक्रम र बजेट सम्बन्धी विवरण

आ.व. २०७७/७८ मा संघीय सशर्त बजेट हस्तान्तरण मार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत बाली विकास कार्यक्रम अन्तर्गत धान, मकै र रैथाने बालीका लागि सशर्त अनुदानमा १०० वटा (एउटै स्थानीय तहमा दुईवटा कार्यक्रम लागु भएका स्थानीय तहहरुको संख्या घटाउदा) स्थानीय तहहरुका लागि जम्मा ३० करोड १० लाख अनुदान रकम हस्तान्नरण भई कार्यक्रम सञ्चालन गरिएको थियो ।

तालिका १. सर्शत अनुदान (स्थानीय तह तर्फ)

| क.सं. | कार्यक्रम | संख्या | बजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३७ | १३,७४,०० |
| २ | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३८ | १३,३६,०० |
| ३ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३० | ३,००,०० |
| | जम्मा | १०५ | ३०,१०,०० |

तराई एवं मध्य पहाडी भु-भागमा खाद्य सुरक्षाका हिसाबले राष्ट्रिय महत्वका बालीहरु धान र मकैबाली प्रवर्द्धन कार्यक्रम र पहाडी भेगमा खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण योगदान दिने रैथाने बालीहरुमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

तालिका २. सशर्त अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरु

| क.सं. | जिल्ला | स्थानीय निकाय | कार्यक्रम | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| १ | झापा | गौरादह नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | शिवसताक्षी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० |
| | | कमल गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |

| क्र.सं. | जिल्ला | स्थानीय निकाय | कार्यक्रम | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| | | झापा गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | बाह्रदशी गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| २ | मोरङ | रंगेली नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | रतुवामाई नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | सुनवर्षी नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | ग्रामथान गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | जहदा गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | बुढीगंगा गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ३ | सुनसरी | इनरुवा नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३५०० |
| | | बराह क्षेत्र नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | २५०० |
| | | | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | २००० |
| | | रामधुनी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३५०० |
| | | देवानगञ्ज गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | भोक्राहा नरसिंह गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | हरिनगर गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ४ | धनुषा | सबैला नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३६०० |
| | | गोडैटा नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ५ | सर्लाही | लालबन्दी नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३६०० |
| | | बरहथवा नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | बागमती नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | हरिवन नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | कबिलासी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | बसबरीया गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| ६ | रौतहट | गरुडा नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | चन्द्रपुर नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | गजुरा नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |

| क्र.सं. | जिल्ला | स्थानीय निकाय | कार्यक्रम | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| | | फतुवा विजयपुर नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | माधवनारायण नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| ७ | बारा | जितपुर-सिमरा उपमहानगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० |
| | | कोल्हवी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | महागढीमाई नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | करैयामाई गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | फेटा गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ८ | पर्सा | बहुदरमाई नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | जगरनाथपुर गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | धोबीनी गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ९ | दोलखा | गौरीशङ्कर गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १० | रामेछाप | रामेछाप नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ११ | सिन्धुली | दुधौली नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | तीनपाटन गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| १२ | रसुवा | आमाछोदिङमो गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १३ | नुवाकोट | म्यागङ गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १४ | चितवन | कालिका नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | खैरहनी नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | रत्ननगर नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | राप्ती नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| १५ | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १६ | गोरखा | भिमसेनथापा गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | शहिद लखन गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | बारपाक सुलिकोट गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १७ | लमजुङ | मध्यनेपाल नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३६०० |
| | | | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |

| क्र.सं. | जिल्ला | स्थानीय निकाय | कार्यक्रम | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| | | राईनास नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | सुन्दरबजार नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | मर्स्याङदी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| १८ | तनहुँ | भानु नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३६०० |
| | | | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| | | व्यास नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | शुक्लागण्डकी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| १९ | कास्की | अन्नपूर्ण गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| २० | मुस्ताङ | थासाङ गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| २१ | स्याङ्जा | वालिङ नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | अर्जुनचौपारी गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| २२ | म्याग्दी | अन्नपूर्ण गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| २३ | बागुलङ | जैमिनी नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | बाग्लुङ नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | वढिगाड गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| २४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | गैंडाकोट नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | देवचुली नगरपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| २५ | नवलपरासी (बर्दघाट सुस्तापश्चिम) | रामग्राम नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | पाल्हीनन्दन गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| | | सरावल गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| २६ | रुपन्देही | तिलोत्तमा नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० |
| | | सियारी गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| २७ | कपिलवस्तु | बाणगंगा नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० |
| | | बुद्धभुमी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० |
| | | शिवराज नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५१०० |
| २८ | पाल्पा | बगनासकाली गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |

| क्र.सं. | जिल्ला | स्थानीय निकाय | कार्यक्रम | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|
| | | रिब्दीकोट गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| २९ | गुल्मी | मदाने गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | २००० |
| | | मालिका गाउँपालिका | मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | २००० |
| ३० | बर्दिया | बाँसगढी नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| | | बारबर्दिया नगरपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ३००० |
| ३१ | रुकुम (पश्चिम) | आठबिसकोट नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३२ | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३३ | जुम्ला | तातोपानी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| | | तिला गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३४ | मुगु | छायाँनाथ रारा नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३५ | हुम्ला | खार्पुनाथ गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३६ | कालिकोट | सान्नी त्रिवेणी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३७ | जाजरकोट | छेडागाड नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३८ | दैलेख | भैरवी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ३९ | बाजुरा | गौमुल गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| | | स्वामीकार्तिक खापर गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४० | बझाङ | साईपाल गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४२ | डोटी | आदर्श गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४२ | अछाम | चौरपाटी गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४३ | दार्चुला | व्याँस गाउँपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४४ | बैतडी | पुर्चौडी नगरपालिका | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १००० |
| ४५ | कैलाली | जानकी गाउँपालिका | धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ४००० |
| **जम्मा** | | | | **३०१०००** |

## ६. राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत सर्शत अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन प्रादेशिक कृषि मन्त्रालयहरु मार्फत पठाइएको कार्यक्रम र बजेट सम्बन्धी विवरण

**तालिका ३. सशर्त अनुदानमा बाली विकास कार्यक्रम सञ्चालन भएका प्रदेशहरु**

| क्र.सं. | प्रदेश | धान | मकै | रैथाने | किसान २ संगको सहकार्यमा बजारमुखी धान उत्पादन कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश १ | १०००० | ८००० | ० | ० | १८००० |
| २ | प्रदेश २ | ९००० | ७००० | ० | ० | १६००० |
| ३ | बागमती प्रदेश | ० | ४००० | २००० | ० | ६००० |
| ४ | गण्डकी प्रदेश | ५००० | ८००० | ३५०० | ० | १६५०० |
| ५ | लुम्बिनी प्रदेश | ७००० | ३००० | २००० | १०००० | २२००० |
| ६ | कर्णाली प्रदेश | ० | ० | ४५०० | ० | ४५०० |
| ७ | सुदुर-पश्चिम प्रदेश | ० | ० | ३००० | १०००० | १३००० |
| **जम्मा** | | **३१०००** | **३००००** | **१५०००** | **२००००** | **९६०००** |

## ७. राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम कार्यान्वयनका लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रद्वारा सञ्चालित क्रियाकलापहरु

### ७.१ स्थानीय तहहरुसँग जुम मिटिङ मार्फत अभिमुखीकरण

संघीय सशर्त हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा सञ्चालित बाली विकास कार्यक्रम अन्तर्गत धान, मकै, रैथाने बाली प्रवर्द्धन कार्यक्रम लागु भएका प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र र स्थानीय तहका सम्बन्धित प्राविधिक कर्मचारीहरुको भौतिक सहभागितमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेकोमा कोभिड-१९ महामारीको कारणले भौतिक रुपमा वैठक/गोष्ठी सञ्चालन गर्न नसकिएकोले भर्चुअल माध्यमबाट ZOOM मार्फत स्थानीय तहका कृषि प्राविधिकहरुसंग वैठकहरु सञ्चालन गरिएको थियो । यस अलावा कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा बाली विशेषको समय एवं आवश्यकता महसुस भएको अवस्थामा पनि स्थानीय तहका कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले समेत विभिन्न वैठकहरु राखिएको थियो ।

**तालिका ४. कोभिड-१९ को महामारीको समयमा**
**स्थानीय तहलाई सहजीहरणको लागि सञ्चालित ZOOM Meetings**

| मिति | कार्यक्रम धान/मकै/रैथाने | सहभागी स्थानीय तह प्रदेश अनुसार |
|---|---|---|
| २०७७/०६/०२ | धान/ मकै | प्रदेश १ |
| २०७७/०६/०६ | धान र मकै बाली प्रवर्द्धन कार्यक्रम | प्रदेश २ |
| २०७७/०६/०८ | मकै/रैथाने | बागमती प्रदेश |
| २०७७/०६/०८ | धान/मकै/रैथाने | गण्डकी प्रदेश |
| २०७७/०६/१४ | धान/मकै | लुम्बीनी प्रदेश |
| २०७७/०७/२४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | गण्डकी र कर्णाली प्रदेश |
| २०७७/०७/२६ | धान/रैथाने | सुदूरपश्चिम प्रदेश |
| २०७७/०८/२४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश र कृषि ज्ञान केन्द्र |
| २०७७/०८/२५ | धान/मकै | प्रदेश १, २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश र कृषि ज्ञान केन्द्र |
| २०७७/०८/१९ | हिउँदे मकै बाली खेती सम्बन्धी तालिम | मकै प्रवर्द्धन कार्यक्रम लागु भएका सम्पुर्ण स्थानीय तह |
| २०७७/१०/१३ | चैते धानको उत्पादन एवं क्षेत्रफल विस्तार सम्बन्धी छलफल कार्यक्रम | धान प्रवर्द्धन कार्यक्रम लागु भएका सम्पुर्ण स्थानीय तह |
| २०७८/०१/२३ | धान उत्पादन प्रवर्द्धन कार्यक्रम र मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | धान र मकै प्रवर्द्धन कार्यक्रम लागु भएका सम्पुर्ण स्थानीय तह |
| २०७८/०२/२ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | रैथाने बाली प्रवर्द्धन कार्यक्रम लागु भएका सम्पुर्ण स्थानीय तह |
| २०७८/०३/१५ | धान बाली प्रवर्द्धन विषयक अन्तरसम्वाद | ७ वटा प्रदेश र कृषि विकास निर्देशनालय |

## ७.२ खाद्य सुरक्षा मिसन-धान कार्यान्वयनका लागि सरोकारवाला निकायहरुको गोष्ठी

गत आ.व. ०७७/७८ मा राष्ट्रिय योजना आयोगले राष्ट्रिय खाद्य सुरक्षा मिशन कार्यक्रम (धान र मकै) लाई Ear Marked Program का रुपमा समावेश गरी वार्षिक कार्यक्रम तथा बजेटमा प्राथमिकतामा राखेको थियो । वर्षको सुरुमा कोभिड-१९ को महामरीले गर्दा भौतिक रुपमा गोष्ठी सञ्चालन गर्न असमर्थ भएपनि दोस्रो चौमासिक अवधिमा भौतिक रुपमै उपस्थित भइ गोष्ठी सञ्चालन गरिएको थियो । जस अन्तर्गत कृषि अनुसन्धान निर्देशनालय, सुनसरी, तरहरामा २०७७ साल फागुन १९ गते र रुपन्देही, मंगलापुरमा

२०७७/१२/२३ गते खाद्य सुरक्षा मिसन-धान कार्यान्वयनका लागि सरोकारवाला निकायहरुको गोष्ठी सञ्चालन गरिएको थियो । गोष्ठी कार्यक्रमको मुख्य उद्देश्यहरु देहायबमोजिम रहेका थिए ।

- धान प्रवर्द्धन कार्यक्रम कार्यान्यवनको हालसम्मको स्थिति, कार्यान्वयनमा देखिएका समस्या एवं चुनौतिहरुबारे छलफल
- धान प्रवर्द्धन कार्यक्रममा आवद्ध विभिन्न पात्र तथा संस्थाहरुबीचको समन्वय र सहयोगमा देखिएका समस्या तथा अवसरहरुबारे छलफल
- मिशन कार्यक्रम सञ्चालन प्रक्रियामा भएका संशोधनका विषयहरु उपर छलफल तथा आउदो आ.व. मा सञ्चालन प्रक्रियालाई थप सरल र कार्यान्वयनमुखी बनाउन सहयोग पुग्ने ।
- धान खेतीमा संलग्न कृषक बीउ उत्पादक/बजारीकरण गर्ने कृषक समूह सहकारी वा निजी व्यवसायी र धान मिल सञ्चालकबीचका अवसरहरु चुनौति र संभावनाहरुबारे सूचना आदान प्रदान

**गोष्ठीमा देहाय बमोजिमका सहभागीहरुलाई उपस्थितिको लागि आमन्त्रित गरिएको थियो -**

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- कृषि विकास निर्देशनालय
- नेपाल कृषि अनुसन्धान परिषद
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
- राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत धान उत्पादन प्रवर्द्धन कार्यक्रम लागु भएका स्थानीय तहका कृषि शाखा प्रमुख प्राविधिकहरु
- कृषि ज्ञान केन्द्र
- कृषि विकास फार्म
- धान प्रशोधनकर्ता वा मिल सञ्चालक
- कृषकहरु

गोष्ठीमा राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम लागु भएका स्थानीय तहसँग हालसम्म कार्यक्रम कार्यान्वयनको अवस्था बारे छलफल गरिएको थियो एवं उपस्थित सबै सरोकारवालासँग धान उत्पादन/प्रवर्द्धनको सम्भावना र आयात प्रतिस्थापन बारे छलफल गरिएको थियो ।

## ७.३ राष्ट्रिय खाद्य सुरक्षा मिशन - प्रदेश र स्थानीय तहसंग मकै प्रवर्द्धन कार्यक्रमको एकीकृत योजना तर्जुमा गोष्ठी

नेपालमा मकैबालीको महत्व र प्रवर्द्धनलाई मध्यनजर गरी संलग्न सरोकारवाला जस्तै व्यापारी, प्रशोधनकर्ता, मिल सञ्चालक, प्रसार स्थानीय तहका प्राविधिकहरु, कृषि विकास फार्म, नार्क, प्रादेशिक

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा धानसम्बद्ध आयोजनाहरुको सहभागितामा मकैबालीका क्षेत्रमा देखिएका समस्या पहिचान, निराकरण तथा कार्यान्वयनमा सहजीकरणका लागि यस केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कृषि अनुसन्धान निर्देशनालय, सुनसरी, तरहरामा २०७७ साल फागुन २० गते र रुपन्देही, मंगलापुरमा २०७७/१२/२५ गते मकै कार्यक्रम सरोकारवालाहरुसंगको गोष्ठी सञ्चालन गरिएको थियो । गोष्ठी कार्यक्रमको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका थियो।

- सर्शत वित्तीय हस्तान्तरण मार्फत सञ्चालन भएका बाली विकास कार्यक्रमको सञ्चालन प्रकृयाबारे छलफल गर्ने
- मकै प्रवर्द्धन कार्यक्रम कार्यान्यवनलाई प्रभावकारी बनाउने
- कार्यक्रम सञ्चालनको लागि क्लस्टर छनौट सम्बन्धी जानकारी दिने
- संघ र स्थानीय तहको समन्वय कायम गरि कार्यक्रम सञ्चालन
- मकै खेतीम संलग्न कृषक बीउ उत्पादक/बजारीकरण गर्ने कृषक समूह सहकारी वा नीजि व्यवसायी र दाना उद्योग सञ्चालकबीचका अवसरहरु चुनौति र संभावनाहरुबारे सुचना आदान प्रदान ।

गोष्ठीमा देहायबमोजिमका सहभागीहरुलाई उपस्थितिको लागि आमन्त्रित गरिएको थियो ।

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
- कृषि विकास निर्देशनालय
- नेपाल कृषि अनुसन्धान परिषद्
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
- राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम अन्तर्गत सशर्त वित्तीय हस्तान्तरण मार्फत मकै उत्पादन प्रवर्द्धन कार्यक्रम लागु भएका स्थानीय तहका कृषि शाखा प्रमुख प्राविधिकहरु
- कृषि ज्ञान केन्द्र
- कृषि विकास फार्म
- दाना उद्योग सञ्चालक

गोष्ठीमा राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम लागु भएका स्थानीय तहसँग हालसम्म कार्यक्रम कार्यान्वयनको अवस्था बारे छलफल गरिएको थियो एवं उपस्थित सबै सरोकारवालासँग मकै उत्पादन/प्रवर्द्धन एवं उत्पादित मकैलाई दाना उद्योगसँग जोड्न सकिने सम्भावना र आयात प्रतिस्थापन बारे छलफल भएको थियो ।

## ८. संघीय सशर्त हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा लागु भएको बाली विकास कार्यक्रमका उपलब्धि एवं प्रगतिको अवस्था

### ८.१ कार्यक्रमको प्रगति

धान, मकै र रैथाने बालीमा कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरुबाट सञ्चालित क्रियाकलापको प्रगति विवरण माग भएकोमा केही स्थानीय तहहरुबाट मात्र सञ्चालित क्रियाकलापको प्रगति एवं उपलब्धि विवरण प्राप्त भएको थियो । प्रगति विवरण प्राप्त भएको अवस्था देहायको तालिकामा देखाइएको छ :

**तालिका ५. सञ्चालित कार्यक्रमहरुको प्रगति माग गरिएकोमा प्रगति प्राप्त स्थानीय तह सम्बन्धी विवरण**

| बाली | प्रगति आएको स्थानीय तहको संख्या | प्रगति नआएको स्थानीय तहको संख्या | जम्मा |
|---|---|---|---|
| धान | २१ | १६ | ३७ |
| मकै | २१ | १७ | ३८ |
| रैथाने बाली | १५ | १५ | ३० |

माथि उल्लेखित प्रगति प्राप्त विवरण अनुसार वित्तीय प्रगतिको अवस्था देहाय अनुसार रहन पुगेको थियो:

**तालिका ६. सञ्चालित कार्यक्रमहरुको प्रगति माग गरिएकोमा प्रगति प्राप्त स्थानीय तहको आधारमा समग्र वित्तीय प्रगतिको अवस्था**

| कार्यक्रम / आयोजना | विनियोजन बजेट (रू. हजारमा) | बजेट खर्च (रू. हजारमा) | वित्तीय प्रगति (%) |
|---|---|---|---|
| खाद्य सुरक्षा मिशन– धान उत्पादन प्रवर्द्धन कार्यक्रम | १३७४०० | ५८६९२ | ४३ |
| खाद्य सुरक्षा मिशन– मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | १३३६०० | ५९६२७ | ४४.६ |
| खाद्य सुरक्षा मिशन– रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३०००० | ११४६३ | ३८.२ |

**तालिका ७. प्रदेश तहमा सञ्चालित कार्यक्रमहरुको प्राप्त मध्येको वित्तीय प्रगतिको अवस्था**

***गण्डकी प्रदेश***

| कार्यक्रम / आयोजना | विनियोजन बजेट (रू. हजारमा) | बजेट खर्च (रू. हजारमा) | वित्तीय प्रगति (%) |
|---|---|---|---|
| धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५००० | १५०० | ३० |
| मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ८००० | ५७९१ | ७२.४ |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३५०० | १९२६ | ५५.०४ |
| जम्मा | १६५०० | ९२१७.६ | ५५.८६ |

*लुम्बिनी प्रदेश*

| कार्यक्रम / आयोजना | विनियोजन बजेट (रू. हजारमा) | बजेट खर्च (रू. हजारमा) | वित्तीय प्रगति (%) |
|---|---|---|---|
| धान उत्पादन प्रवर्द्धन कार्यक्रम | ७०००। | ४१७२।५ | ५९.६१ |
| मकै उत्पादन प्रवर्द्धन कार्यक्रम | ३०००। | ८३६। | २७.८७ |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २०००। | १४१२।६ | ७०.६३ |
| जम्मा | १२०००। | ६४२१।५ | ५३.५१ |

## ८.२ सञ्चालित क्रियाकलापहरुको प्रगति एवं उपलब्धिहरुको सारांश

स्थानीय तहहरुमा सर्शत अनुदानमा पठाइएको बजेटबाट तोकिएका बालीहरुको प्रवर्द्धनका लागि विभिन्न खालका क्रियाकलापहरु सञ्चालन गरिएका थिए । उत्पादन लक्षित क्रियाकलापहरु ब्लक र क्लष्टरमा सञ्चालन गरिएका थिए जस अन्तर्गत तोकिएको बालीको क्षेत्रफल विस्तार र बीउ उत्पादनका क्रियाकलापहरुलाई जोड दिइएको थियो । यस्तै प्राविधि प्रसार र प्राविधिक सेवा टेवा एवं सिंचित क्षेत्रफल विस्तार लक्षित क्रियाकलापहरु पनि सञ्चालनमा गरिएका थिए । स्थानीय स्तरमा कृषि यान्त्रीकिकरण प्रवर्द्धन प्रशोधन र बजारीकरण प्रवर्द्धन लक्षित क्रियाकलापहरु समेत सञ्चालन गरिएका थिए । उपरोक्त गतिविधिहरु सञ्चालन विधि र अन्य प्रासंगिक विषयहरुबारे स्थानीय तहका कृषि प्राविधिकहरुलाई अभिमुखीकरण गरिएको थियो भने सो अनुसार सञ्चालित क्रियाकलापहरुको प्राप्त प्रगतिको सारांश विवरण देहाय अनुसार रहेको छ ।

**तालिका ८. धान उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रगति एवं उपलब्धिहरु**

| क्र.सं. | विवरण | इकाई | प्रगति/उपलव्धी |
|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन भएका ब्लक | (संख्या) | १६१ |
| २ | सुचिकृत भएका लाभग्राही समूह, सहकारी, कृषक | (संख्या) | ३५०८ |
| ३ | वितरित बीउ परिमाण (तोकिएको जातहरुको) | (टन) | २४.१ |
| ४ | कार्यक्रमको सहयोगबाट बालीले ढाकेको क्षेत्रफल | (हे.) | ७१९९ |
| ५ | सञ्चालित प्रदर्शनका क्रियाकलापहरु | (संख्या) | २३४ |
| ६ | कृषकलाई यान्त्रीकरण सहयोग | (संख्या) | ८३६ |
| ७ | साना सिंचाई सहयोग | (संख्या) | १९६ |
| ८ | कृषक क्षमता अभिवृद्धिका लागि सञ्चालित तालिम | (संख्या) | ४१ |
| ९ | श्रोत बीउ वितरण (बीउ उत्पादन कार्यक्रम) परिमाण | (टन) | १३.६ |

| क्र.सं. | विवरण | इकाई | प्रगति/उपलव्धी |
|---|---|---|---|
| १० | वितरित श्रोत बीउबाट (बीउ उत्पादन कार्यक्रममा) बालीको ढाकिने क्षेत्रफल | (हे.) | ३१९ |
| ११ | चैते धानको क्षेत्रफल विस्तार | (हे.) | ३०८ |
| १२ | चैते धान क्षेत्रफल विस्तार वा मसिनो प्रकृतिको जातको वर्षे धान उत्पादन वापत प्रोत्साहन अनुदान | (जना) | ८३४ |
| १३ | धान/दाना उद्योगसंग समन्वयमा तोकिएको बालीको जम्मा उत्पादन विक्री परिमाण | (मे.टन) | २४६ |
| १४ | कार्यक्रमको सहयोगमा स्थानीय तहमा हुने अनुमानित उत्पादन परिमाण | (मे.टन) | २४६९८ |
| १५ | कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको | (संख्या) | १८००७ |
| १६ | कार्यक्रमबाट सहयोग प्राप्त गर्ने जम्मा लाभग्राही | (संख्या) | १६३०२ |
| १७ | बजारीकरण सहयोग (संख्या) | (संख्या) | १००२ |
| १८ | भकारो सुधार कार्यक्रम (संख्या) | (संख्या) | २८३ |
| १९ | माटो जाँच शिविर (संख्या) | (संख्या) | ६ |

## तालिका ९. मकै उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रगति

| क्र.सं. | विवरण | इकाई | प्रगति/उपलव्धी |
|---|---|---|---|
| १ | छनौट भएका ब्लक | (संख्या) | ११५ |
| २ | सुचिकृत भएका लाभग्राही समूह, सहकारी, कृषक | (संख्या) | १०८७२ |
| ३ | वितरीत बीउ परिमाण (तोकिएको जातहरुको) | (टन) | ११२.६ |
| ४ | कार्यक्रमको सहयोगबाट बालीले ढाकेको क्षेत्रफल (हे.) | (हे.) | ५३३३ |
| ५ | सञ्चालित प्रदर्शनका क्रियाकलापहरु (संख्या) | (संख्या) | ३५ |
| ६ | कृषकलाई यान्त्रीकरण सहयोग (संख्या) | (संख्या) | १६७६ |
| ७ | साना सिंचाई सहयोग (संख्या) | (संख्या) | ३४७ |
| ८ | कृषक क्षमता अभिवृद्धिका लागि सञ्चालित तालिम (संख्या) | (संख्या) | ४१ |
| ९ | श्रोत बीउ वितरण (बीउ उत्पादन कार्यक्रम) परिमाण | (टन) | २.३ |
| १० | वितरित श्रोत बीउबाट (बीउ उत्पादन कार्यक्रममा) बालीको ढाकिने क्षेत्रफल | (हे.) | १०५ |
| ११ | दाना उद्योगसंग समन्वयमा तोकिएको बालीको जम्मा उत्पादन विक्री परिमाण | (केजी) | १०९१ |
| १२ | कार्यक्रमको सहयोगमा स्थानीय तहमा हुने अनुमानित उत्पादन परिमाण | (टन) | ८८.४ |
| १३ | कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको | (संख्या) | २९५२६ |

| क.सं. | विवरण | इकाई | प्रगति/उपलब्धी |
|---|---|---|---|
| १४ | कार्यक्रमबाट सहयोग प्राप्त गर्ने जम्मा लाभग्राही | (संख्या) | १३२९८ |
| १५ | बजारीकरण सहयोग | (संख्या) | १२४९ |
| १६ | भकारो सुधार कार्यक्रम | (संख्या) | २७६ |
| १७ | माटो जाँच शिविर | (संख्या) | १२ |

### तालिका १०. रैथाने उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रगति

| क.सं. | विवरण | इकाई | प्रगति/उपलब्धी |
|---|---|---|---|
| १ | छनौट भएका ब्लक | (संख्या) | ३७ |
| २ | सुचिकृत भएका लाभग्राही समूह, सहकारी, कृषक | (संख्या) | २५२ |
| ३ | वितरीत बीउ परिमाण | (के.जी.) | ९९९५ |
| ४ | कार्यक्रमको सहयोगबाट बालीले ढाकेको क्षेत्रफल | (हे.) | ७०२ |
| ५ | सञ्चालित प्रदर्शनका क्रियाकलापहरु | (संख्या) | १७ |
| ६ | कृषकलाई यान्त्रीकरण सहयोग | (संख्या) | १०४ |
| ७ | साना सिंचाई सहयोग | (संख्या) | ११ |
| ८ | कृषक क्षमता अभिवृद्धिका लागि सञ्चालित तालिम | (संख्या) | ३४ |
| ९ | श्रोत बीउ वितरण (बीउ उत्पादन कार्यक्रम) परिमाण | (मे.टन) | ११०१ |
| १० | वितरित श्रोत बीउबाट (बीउ उत्पादन कार्यक्रममा) बालीको ढाकिने क्षेत्रफल | (हे.) | १३ |
| ११ | कार्यक्रमको सहयोगमा स्थानीय तहमा हुने अनुमानित उत्पादन परिमाण | (मे.टन) | ३६४ |
| १२ | कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको | (संख्या) | १७२३ |
| १३ | कार्यक्रमबाट सहयोग प्राप्त गर्ने जम्मा लाभग्राही | (संख्या) | २६७३ |
| १४ | बजारीकरण सहयोग | (संख्या) | ३ |
| १५ | भकारो सुधार कार्यक्रम | (संख्या) | २४ |
| १६ | माटो जाँच शिविर | (संख्या) | २ |
| १७ | रैथाने परिकार विविधिकरण तालिम | (संख्या) | ३ |
| १८ | रैथाने बाली प्रवर्द्धन प्रचार प्रसार गतिविधि | (पटक) | १४ |

## ८.३ वित्तीय प्रगतिको अवस्था

**तालिका ११. धान उत्पादन प्रवर्द्धन कार्यक्रमको वित्तीय प्रगति**

| जिल्ला | क्र.सं. | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| झापा | १ | गौरादह नगरपालिका | ४००० | २४६६ | ६१.६ |
| | २ | शिवसताक्षी नगरपालिका | ५००० | २७३८ | ५४.८ |
| | ३ | कमल गाउँपालिका | ३००० | २५८६.८ | ८६.२ |
| मोरङ | ४ | रंगेली नगरपालिका | ४००० | | ०.० |
| | ५ | ग्रामथान गाउँपालिका | ३००० | ३००० | १००.० |
| | ६ | बुढीगंगा गाउँपालिका | ३००० | | ०.० |
| सुनसरी | ७ | इनरुवा नगरपालिका | ३५०० | | ०.० |
| | ८ | बराहक्षेत्र नगरपालिका | २५०० | ११०२ | ४४.१ |
| | ९ | रामधुनी नगरपालिका | ३५०० | ३०५१ | ८७.२ |
| धनुषा | १० | सबैला नगरपालिका | ३६०० | | ०.० |
| सर्लाही | ११ | गोडैटा नगरपालिका | ३००० | ३००० | १००.० |
| | १२ | कबिलासी नगरपालिका | ४००० | | ०.० |
| | १३ | बसबरीया गाउँपालिका | ४००० | | ०.० |
| रौतहट | १४ | चन्द्रपुर नगरपालिका | ३००० | १६१७ | ५३.९ |
| | १५ | गुजरा नगरपालिका | ४००० | | ०.० |
| | १६ | माधवनारायण नगरपालिका | ४००० | ४००० | १००.० |
| बारा | १७ | कोल्हवी नगरपालिका | ३००० | | ०.० |
| | १८ | फेटा गाउँपालिका | ३००० | | ०.० |
| पर्सा | १९ | बहुदरमाई नगरपालिका | ३००० | | ०.० |
| | २० | जगरनाथपुर गाउँपालिका | ३००० | | ०.० |
| | २१ | धोबीनी गाउँपालिका | ३००० | | ०.० |
| लमजुङ्ग | २२ | मध्यनेपाल नगरपालिका | ३६०० | ९५० | २६.४ |
| | २३ | सुन्दरबजार नगरपालिका | ४००० | ३००० | ७५.० |
| तनहुँ | २४ | भानु नगरपालिका | ३६०० | २६३५ | ७३ |

| जिल्ला | क्र.सं. | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | २५ | व्यास नगरपालिका | ४००० | १५९५ | ४० |
| | २६ | शुक्लागण्डकी नगरपालिका | ४००० | १९७९ | ४९ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २७ | रामग्राम नगरपालिका | ४००० | १०८२ | २७ |
| | २८ | पाल्हीनन्दन गाउँपालिका | ४००० | २८१३ | ७० |
| | २९ | सरावल गाउँपालिका | ४००० | १९६६ | ४९ |
| रुपन्देही | ३० | तिलोत्तमा नगरपालिका | ५००० | ४४६२ | ८९ |
| | ३१ | सियारी गाउँपालिका | ४००० | ३९४२ | ९९ |
| कपिलवस्तु | ३२ | बाणगंगा नगरपालिका | ५००० | ४६२७ | ९३ |
| | ३३ | बुद्धभुमी नगरपालिका | ५००० | ३१४८ | ६३ |
| | ३४ | शिवराज नगरपालिका | ५१०० | ४९९६ | ९८ |
| बर्दिया | ३५ | बाँसगढी नगरपालिका | ३००० | १२१८ | ४१ |
| | ३६ | बारबर्दिया नगरपालिका | ३००० | २८७७ | ९६ |
| कैलाली | ३७ | जानकी गाउँपालिका | ४००० | ३९७९ | ९९ |
| **जम्मा** | | | **१३७४००** | **६८८३१** | **५०** |

## तालिका १२. मकै उत्पादन प्रवर्द्धन कार्यक्रमको वित्तीय प्रगतिको अवस्था

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | झापा | झापा गाउँपालिका | ३००० | २१६१ | ७२.० |
| २ | | बाह्रदशी गाउँपालिका | ३००० | २६६५ | ८८.८ |
| ३ | मोरङ्ग | रतुवामाई नगरपालिका | ३००० | ३००० | १००.० |
| ४ | | सुनवर्षी नगरपालिका | ३००० | २९९४ | ९९.८ |
| ५ | | जहदा गाउँपालिका | ३००० | २३५१ | ७८.४ |
| ६ | सुनसरी | बराह क्षेत्र नगरपालिका | २००० | १९२४ | ९६.२ |
| ७ | | देवानगञ्ज गाउँपालिका | ३००० | | ०.० |
| ८ | | भोक्राहा नरसिंह गाउँपालिका | ३००० | २८५७ | ९५.२ |
| ९ | | हरिनगर गाउँपालिका | ३००० | | ०.० |

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १० | सर्लाही | लालबन्दी नगरपालिका | ३६०० | २७४८.८६ | ७६.४ |
| ११ | | बरहथवा नगरपालिका | ४००० | २९०७ | ७२.७ |
| १२ | | बागमती नगरपालिका | ४००० | ४००० | १०० |
| १३ | | हरिवन नगरपालिका | ४००० | ३१९२.६७ | ७९.८ |
| १४ | रौतहट | गरुडा नगरपालिका | ४००० | ३८०० | ९५.० |
| १५ | | चन्द्रपुर नगरपालिका | ३००० | १३१७ | ५३.९ |
| १६ | | फतुवा विजयपुर नगरपालिका | ४००० | | ०.० |
| १७ | बारा | जितपुर-सिमरा उपमहानगरपालिका | ५००० | ४७७३ | ९५.५ |
| १८ | | महागढीमाई नगरपालिका | ४००० | ३९९७ | ९९.९ |
| १९ | | करैयामाई गाउँपालिका | ३००० | २५७५ | ८५.८ |
| २० | सिन्धुली | दुधौली नगरपालिका | ४००० | ४००० | १००.० |
| २१ | | तीनपाटन गाउँपालिका | ३००० | | ०.० |
| २२ | चितवन | कालिका नगरपालिका | ४००० | २१६० | ५४.० |
| २३ | | खैरहनी नगरपालिका | ४००० | | ०.० |
| २४ | | रत्ननगर नगरपालिका | ४००० | ३३०० | ८२.५ |
| २५ | | राप्ती नगरपालिका | ४००० | | ०.० |
| २६ | गोरखा | भिमसेनथापा गाउँपालिका | ३००० | १०८ | ३.६ |
| २७ | | शहिद लखन गाउँपालिका | ४००० | ३७३० | ९३.३ |
| २८ | लमजुङ्ग | राईनास नगरपालिका | ४००० | | ०.० |
| २९ | स्याङ्जा | वालिङ नगरपालिका | ४००० | | ०.० |
| ३० | | अर्जुनचौपारी गाउँपालिका | ३००० | ८४ | २.८ |
| ३१ | बाग्लुङ्ग | जैमिनी नगरपालिका | ४००० | ३८३५ | ९५.९ |
| ३२ | | बाग्लुङ नगरपालिका | ४००० | | ०.० |
| ३३ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | गैंडाकोट नगरपालिका | ४००० | ३९०८ | ९७.७ |
| ३४ | | देवचुली नगरपालिका | ४००० | २८११ | ७०.३ |

| क.सं. | जिल्ला | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३५ | पाल्पा | बगनासकाली गाउँपालिका | ४००० | १३१४ | ३२.९ |
| ३६ | | रिब्दीकोट गाउँपालिका | ४००० | | ०.० |
| ३७ | गुल्मी | मदाने गाउँपालिका | २००० | १६९२ | ८४.६ |
| ३८ | | मालिका गाउँपालिका | २००० | १९७० | ९८.५ |
| जम्मा | | | १३३६०० | ७६४७५ | ५७.२ |

## तालिका १३. रैथाने उत्पादन प्रवर्द्धन कार्यक्रमको वित्तीय प्रगतिको अवस्था

| क्र. सं. | जिल्ला | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | **दोलखा** | गौरीशङ्कर गाउँपालिका | १००० | | ० |
| २ | **रामेछाप** | रामेछाप नगरपालिका | १००० | | ० |
| ३ | **रसुवा** | आमाछोदिङमो गाउँपालिका | १००० | | ० |
| ४ | **नुवाकोट** | म्यागङ गाउँपालिका | १००० | ७१७ | ७२ |
| ५ | **मकवानपुर** | मकवानपुरगढी गाउँपालिका | १००० | ९८६.५ | ९८.७ |
| ६ | **गोरखा** | बारपाक सुलिकोट गाउँपालिका | १००० | ७४९ | ७५ |
| ७ | **लमजुङ्ग** | मध्यनेपाल नगरपालिका | १००० | | ० |
| ८ | | मर्स्याङदी गाउँपालिका | १००० | | ० |
| ९ | **तनहुँ** | भानु नगरपालिका | १००० | ७१८.६२ | ७२ |
| १० | **कास्की** | अन्नपूर्ण गाउँपालिका | १००० | | ० |
| ११ | **मुस्ताङ** | थासाङ गाउँपालिका | १००० | | ० |
| १२ | **स्याङ्गजा** | अर्जुनचौपारी गाउँपालिका | १००० | | ० |
| १३ | **म्याग्दी** | अन्नपूर्ण गाउँपालिका | १००० | ४११ | ४१.१ |
| १४ | **बाग्लुङ्ग** | वढिगाड गाउँपालिका | १००० | | ० |
| १५ | **रुकुम (पश्चिम)** | आठबिसकोट नगरपालिका | १००० | १००० | १०० |

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | बार्षिक विनियोजित रकम (रु.हजारमा) | वार्षिक कुल खर्च रकम (रु.हजारमा) | बार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १६ | **डोल्पा** | त्रिपुरासुन्दरी नगरपालिका | १००० | | ० |
| १७ | **जुम्ला** | तातोपानी गाउँपालिका | १००० | | ० |
| १८ | | तिला गाउँपालिका | १००० | १००० | १०० |
| १९ | **मुगु** | छायाँनाथ रारा नगरपालिका | १००० | ३४४.० | ३४ |
| २० | **हुम्ला** | खार्पुनाथ गाउँपालिका | १००० | १००० | १०० |
| २१ | **कालिकोट** | सान्नी त्रिवेणी गाउँपालिका | १००० | ७४७ | ७४.७ |
| २२ | **जाजरकोट** | छेडागाड नगरपालिका | १००० | १००० | १०० |
| २३ | **दैलेख** | भैरवी गाउँपालिका | १००० | १००० | १०० |
| २४ | **बाजुरा** | गौमुल गाउँपालिका | १००० | १००० | १०० |
| २५ | | स्वामीकार्तिक खापर गाउँपालिका | १००० | ८२५ | ८२.५ |
| २६ | **बझाङ** | साईपाल गाउँपालिका | १००० | ९६५ | ९६.५ |
| २७ | **डोटी** | आदर्श गाउँपालिका | १००० | | ० |
| २८ | **अछाम** | चौरपाटी गाउँपालिका | १००० | ० | ० |
| २९ | **दार्चुला** | व्याँस गाउँपालिका | १००० | १००० | १०० |
| ३० | **बैतडी** | पुर्चौंडी नगरपालिका | १००० | ४८.५ | ४.८५ |
| **जम्मा** | | | **३००००** | **१६४३८.२** | **५५** |

## ९. विवरणात्मक प्रगति एवं प्रमुख उपलब्धिहरु

### ९.१ धान उत्पादन प्रवर्द्धन कार्यक्रम

आ.व. २०७७/०७८ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट संघीय सर्शत अनुदान मार्फत ३७ वटा स्थानीय तहमा सञ्चालन भएको धान उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि जम्मा रु. १३ करोड ७४ लाख सशर्त बजेट हस्तान्तरण गरिएको थियो । उक्त कार्यक्रम र बजेट कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्विकृत गरिएको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ लाई समयमै स्थानीय तहहरुमा

पठाइएको थियो भने उक्त सञ्चालन प्रक्रिया र अन्य प्राविधिक सहयोगका लागि विभिन्न समयमा भर्च्युल माध्यम र भौतिक रुपमा अभिमुखीकरण एवं गोष्ठी सञ्चालन गरिएका थिए ।

धान उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रमुख उद्धेश्य क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि मार्फत उत्पादन बढाउने तथा मसिनो जातको धान र चैते धानको प्रवर्द्धन र बजारीकरणमा सुधार मार्फत धान चामल आयात प्रतिस्थापन गर्ने रहेको थियो । धान बालीमा प्रविधि विस्तार, यान्त्रिकीकरण प्रवर्द्धन, पूर्वाधार विकास एवं बजार व्यवस्थापन लगायतका क्रियाकलापहरुलाई एकिकृत रुपमा मिशन कार्यक्रमको रुपमा सञ्चालन गरी धानको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी धान/चामलको आयात प्रतिस्थापनामा सहयोग पुर्याउने यस कार्यक्रमको अपेक्षा थियो । सो अनुसार उक्त कार्यक्रम सञ्चालन भएका तोकिएका स्थानीय तहहरुबाट कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम सञ्चालित क्रियाकलापहरुबाट प्राप्त उपलब्धि र प्रगति देहाय अनुसार रहेका छन् ।

**प्रमुख उपलब्धिहरु**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धिहरु तपसिल अनुसारका छन्:

- **क्षेत्र विस्तार**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रमको प्रमुख उद्देश्यहरुमा चैते धानको क्षेत्र विस्तार गर्ने तथा मसिनो धानको उत्पादन प्रवर्द्धन गर्ने रहेको थियो । यस कार्यक्रम अन्तर्गत प्रगति प्राप्त विवरणको आधारमा १६१ वटा ब्लक छनौट गरी ७,१९९ हेक्टर धानको क्षेत्रफल विस्तार भएको थियो ।यसमध्ये चैते धानले ओगटेको क्षेत्रफल ३०८ हेक्टर रहेको थियो भने १३.५७ टन श्रोत बीउ वितरण भइ उक्त वितरित श्रोत बीउबाट ३१९ हेक्टर क्षेत्रफलमा श्रोत बीउ उत्पादन कार्यक्रममा सञ्चालन भएको थियो । यस्तै कार्यक्रमको सहयोगबाट स्थानीय तहमा थप २४६९८ मे. टन धान उत्पादन हुने अनुमान गरिएको थियो ।

धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत **बर्दियाको बाँसगढी नगरपालिका** भित्र पहिलो पटक चैते धान खेतीको शुरुवात भएको थियो । शुरुवातमा १.५ हे. क्षेत्रफलमा चैते धान खेतीको शुरुवात भएको थियो भने ८ जना कृषकहरुलाई लागत खर्चको आधारमा प्रोत्साहन अनुदान पनि प्रदान गरिएको थियो ।

- **बीउ वितरण सहयोग**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकहरुको मागको आधारमा सुख्खा-२, सुख्खा-३, राधा-१२, स्वर्ण सब-१, रामधान, सावित्री, मकवानपुर-१, सुनौलो सुगन्धा, रंजित, बहुगुणी-२, आदि जातको २४.१ मे टन बीउ वितरण गरिएको थियो भने श्रोत बीउ उत्पादनका लागि १३.६ टन श्रोत बीउ वितरण गरिएको थियो।

> धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत **सुनसरी**को **बराहक्षेत्र नगरपालिका** भित्र चैते तथा मसिना जातको धानको प्रवर्द्धनको लागि मध्यम मसिना जातको विभिन्न १२ जातको धानको बिउ ५० प्रतिशत मुल्य अनुदानमा वितरण गरिएको र चैते धानको हकमा भने १२५० के.जि. हर्दिनाथ-३ निःशुल्क वितरण गरि चैते धान र मसिना धान प्रवर्द्धनका लागि प्रयास गरिएको थियो ।

- **कृषि यान्त्रिकीकरण**

खेती गर्दा लाग्ने लागत घटाउन एवं समयको बचत गर्न र बालीको उत्पादन बढाउन विभिन्न कृषि मेशिनरीहरूको प्रयोग गरिन्छ । यस धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ट्र्याक्टर, हाते ट्याक्टर, रोटाभेटर, कल्टीभेटर, पावर टिलर, मिनी टिलर, धान थ्रेसर, ब्रस कटर, रिपर, विद्युतिय स्प्रे टंकी, चार्जर स्प्रेयर, डिजिटल तराजु आदि गरि ८३६ वटा कृषि मेशिनरी/औजार/उपकरणहरू वितरण गरिएको थियो ।

- **माटो सुधार**

माटोको गुणस्तर जाँच गर्न र त्यसमा भएको खाद्यतत्वको मात्रा पत्ता लगाई सोहि अनुसारको माटोको उपचार गरी माटोको उर्वरा शक्ति बढाउन यस धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तहरुबाट ६ वटा माटो जाँच शिविर सञ्चालन गरिएको थियो। माटो जाँचको आधारमा माटोमा अम्लीयपना बढी देखिएका स्थानीय तहहरुमा कृषि चुन वितरण गरिएको थियो भने हरियो मलका रुपमा ढैंचाको बीउ समेत वितरण गरिएको थियो ।

> यस धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत **तनहुँ**को **शुक्लागण्डकी नगरपालिका** भित्र धानबालीमा मलखाद व्यवस्थापनको लागि हरियो मलको रुपमा २०० के.जि ढैंचाको बिउ निःशुल्क वितरण गरिएको थियो ।

- **तालिम कार्यक्रम सञ्चालन**

धान बली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकको क्षमता अभिवृद्धि गर्न स्थानीय तहहरुले विभिन्न प्राविधिक विषयवस्तुमा ४१ वटा तालिम कार्यक्रमहरु सञ्चालन गरेका थिए । तालिमका विषयवस्तुहरुमा बाली बिमा तालिम, चैते धान उत्पादन प्रविधि, धान खेती प्रविधि तथा धानको रोग किराको पहिचान र नियन्त्रण विधि, गोठेमल तथा कम्पोष्ट मल उत्पादन तथा गुणस्तर सुधारको लागि स्थलगत घुम्ती तालिम, बीउ उत्पादन तालिम आदि रहेका थिए ।

- **प्रविधि प्रदर्शन**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वर्षे तथा चैते धानको जातीय तथा उत्पादन प्रदर्शन, धानबालीमा मलखाद ब्यबस्थापनको लागि हरियो मल प्रदर्शन, धानको सिफारिस उन्नत तथा हाइब्रिड जातको Large Plot Demonstration लगायतका गरी २३४ वटा प्रविधि प्रदर्शनका क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

- **साना सिंचाइ पूर्वाधार निर्माण तथा सञ्चालन सहयोग**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत १९६ वटा साना सिंचाइ स्किमहरु निर्माण तथा व्ययवस्थापन भएका थिए जस अन्तर्गत सिंचाइका लागि आवश्यक पर्ने स्यालो ट्युवेल तथा बोरिङ सेटहरु जडान, मोटर, पम्प सेट, विद्युतीय मोटर, सेक्सन पाइप, डेलिभरी पाइप आदि वितरण एवं जडान गरिएका थिए।

- **प्रोत्साहन तथा अनुदान कार्यक्रम**

धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत नेपालमा विकास भई उन्मोचन भएका मसिना जातको धान र चैते धान क्षेत्र विस्तार तथा उत्पादन र विक्रिमा आधारित नगद प्रोत्साहन र बजार प्रवर्द्धन सम्वन्धि कृयाकलापहरु स्थानीय तहबाट अनुदानमा सञ्चालन गरिएका थिए । यसै अन्तर्गत चैते धान खेतीमा आकर्षण गर्नको लागि कृषकहरुलाई लागत खर्चको आधारमा अनुदान एवं मसिना प्रकृतिको वर्षे धान खेती प्रवर्द्धनका लागि उत्पादनमा आधारित नगद प्रोत्साहन अनुदान जम्मा ८३४ जना कृषकहरुलाई वितरण गरिएको थियो ।

- **भकारो सुधार सहयोग कार्यक्रम**

यस धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न २८३ वटा घर धुरीहरुमा भकारो सुधारको कार्यक्रम सञ्चालन गरी पशुमुत्र संकलन एवं माटोको उर्वराशक्ति व्यवस्थापनका क्रियाकलाप सञ्चालन गरिएका थिए ।

## ९.२ मकै बाली प्रवर्द्धन कार्यक्रम

आ.व. २०७७/०७८ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम अन्तर्गत मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि १५ जिल्लाका ३८ वटा स्थानीय तहहरुमा १३ करोड ३६ लाख सशर्त बजेट हस्तान्तरण गरिएको थियो। मकैको उत्पादन तथा उत्पादकत्व वृद्धि, क्षेत्र विस्तार, प्रविधि विस्तार, यान्त्रिकीकरण प्रवर्द्धन, पूर्वाधार विकास एवं बजार व्यवस्थापन लगायतका क्रियाकलापहरुलाई सञ्चालन गरी मकैको आयात प्रतिस्थापनामा सहयोग पुर्याउने यस कार्यक्रमको लक्ष्य रहेको थियो। तराईमा उत्पादित मकै पशुपन्छी एवं वस्तु/भाउको फिड बनाउन र पहाडमा उत्पादित मकै खाद्य सुरक्षाका लागि प्रयोग गर्ने मकै उत्पादन प्रवर्द्धन कार्यक्रमको रणनीतिक उद्धेश्य रहेको थियो ।

मकै बाली उत्पादन कार्यक्रम अन्तर्गत तराई तथा भित्री मधेश र तल्लो पहाडी भूभागहरुमा स्वदेशी हाइब्रिड मकैको प्रवर्द्धन, हिँउदे र बसन्ते मकैको क्षेत्र विस्तार, पहाडी क्षेत्रमा स्वदेशी खुला सेँचित जातको प्रवर्द्धन, खुला सेँचित जातको बीउ उत्पादन र कृषकहरुलाई तराईमा उत्पादन भएको मकैलाई नजिकको दाना उद्योगसंग जोडाउने लगायतका उत्पादन र व्यवसायीकरणमा जोड दिने क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

- **क्षेत्र विस्तार**

मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ११५ वटा ब्लकहरुमा मकै उत्पादन लक्षित क्रियाकालपहरु सञ्चालन गरिएका थिए जस अन्तर्गत ११२.६ मेटन उन्नत मकैको बीउ वितरण गरी अनुमानित ४५०५ हेक्टरमा उन्नत र हाइब्रिड मकैको क्षेत्रफल विस्तार भएको थियो । यस्तै उक्त कार्यक्रमबाट नै करिब २.३० मेटन श्रोत बीउ वितरण गरी करिब ९२.५ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिएको थियो जसबाट अनुमानित २९४ मेटन बीउ उत्पादन भई स्थानीय स्तरमा नै बीउ उपलब्धतामा सहजता भएको अपेक्षा गरिएको छ ।

- **कृषि यान्त्रिकीकरण सहयोग**

मकै बालीमा वैज्ञानिक खेति, रोपाईं, कटाई र उत्पादन उपरान्तका कार्यहरुमा यान्त्रिकिकरणको उल्लेखनिय योगदान रहेको हुन्छ । मकै बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न स्थानीय तहहरुमा कृषि यान्त्रीकिकरण प्रवर्द्धन गर्न एवं लागत खर्च कम गर्न हाते ट्याक्टर, मिनिटिलर, ईलेक्ट्रिक स्प्रयेर , कर्न सेलर, ज्याब प्लान्टर लगायतका गरी जम्मा १,६७६ वटा कृषि मेशिनरी/औजार/उपकरणहरू वितरण गरिएको थियो।

- **माटो जाँच शिविर सञ्चालन**

माटोको गुणस्तर जाँच गर्न र त्यसमा भएको खाद्यतत्वको मात्रा पत्ता लगाई सोहि अनुसारको माटो सुधारका लागि आवश्यक प्राविधिक सुझाव दिनका लागि यस मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत १२ वटा माटो जाँच शिविरहरु सञ्चालन गरि कृषकहरुलाई आवश्यक प्राविधिक सल्लाह सुझाव समेत स्थानीय तहहरुबाट दिइएको थियो ।

- **भकारो सुधार कार्यक्रम**

मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रम लागु भएका विभिन्न स्थानीय तहहरुबाट २७६ वटा घरधुरीमा भकारो सुधारको क्रियाकलापहरु सञ्चालन गरिएका थिए जसबाट सो घरधुरीहरुमा पशुमुत्र संकलन तथा त्यसको सही सुदपयोगबारे सचेतना एवं जानकारी दिने कार्य भएको थियो ।

- **प्रविधि प्रदर्शन र क्षमता अभिवृद्धि कार्यक्रम**

विभिन्न स्थानीय तहहरुमा किसानको क्षमता अभिवृद्धिको लागि किसानलाई नविनतम मकै खेति प्रविधिहरुबारेमा ४१ वटा कृषक स्तरीय तालिमहरु सञ्चालन गरिएको थियो भने ३५ वटा प्रदर्शनका क्रियाकलापहरु सम्पन्न गरिएको थियो। नवउन्मोचित तथा महत्वपुर्ण जातका जातिय प्रदर्शन, वृहत क्षेत्र प्रदर्शन, उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन जस्ता प्रदर्शनका क्रियाकलापहरुले किसानहरुलाई महत्वपुर्ण जानकारी प्रदान गरिएका थिए।

समग्रमा विभिन्न स्थानीय तहहरुमा सञ्चालित मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रमबाट करिब २९५२६ जना कृषकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना गर्न सहयोग पुगेको थियो भने यस कार्यक्रमबाट सहयोग प्राप्त गर्ने जम्मा लाभग्राहीको संख्या १३२९८ रहेको थियो।

**बागमती नगरपालिका, सर्लाही**

सर्लाहीको **बागमती नगरपालिकामा** मकै बजारीकरणको राम्रो उदाहरण देखिएको थियो। मकै उत्पादन प्रवर्द्धन कार्यक्रमबाट ३०० हे. मा लगाइएको मकैबाट करिब १०५० मे टन मकै उत्पादन भएको थियो। उत्पादित मकैलाई बागमती नगरपालिकामा हालसालै निर्मित दाना उद्योगसंग समन्वय गराई बजारीकरण गर्न सहजीकरण गरिएको थियो । दाना उद्योग र किसानहरु बीचको यस समन्वयले दुबै लाभान्वित भएका थिए। दाना उद्योगले दाना बनाउन चाहिने कच्चा पदार्थ सुलभ रुपमा पाएका थिए भने कृषकहरुले आफ्नो उपज बेच्न बजारको सुनिश्चिता प्राप्त गरेकाले उद्योगी र किसान दुबै मकै बाली प्रवर्द्धनतर्फ हर्षित भएका थिए।

## ९.३ रैथाने बाली प्रवर्द्धन कार्यक्रम

गत आ.व. २०७७/०७८ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको बाली विकास कार्यक्रम अन्तर्गत रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३० वटा स्थानीय तहहरुमा जम्मा रु. ३ करोड बजेट सशर्त वित्तीय हस्तान्तरण गरिएको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य भनेको ग्रामिण स्तरमा रैथाने बालीहरुको संरक्षण, उत्पादन तथा बजार प्रवर्द्धन गरी कृषकहरुको आयस्तरमा वृद्धि गर्नु रहेको थियो भने रैथाने बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी एवं उपयोगमा जोड दिई स्थानीय खाद्य तथा पोषण सुरक्षामा समेत टेवा पुर्याउनु हो। यसको अर्को उद्देश्य भनेको उपलव्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्नु र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पुर्याउनु हो।

### प्रमुख प्रगति एवं उपलब्धिहरु

रैथानेबाली प्रवर्द्धन कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धिहरु तपसिल अनुसारका रहेका छन्।

- **क्षेत्र विस्तार**

रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम लागु भएका ३० वटा स्थानीय तहहरु अन्तर्गत ३७ वटा ब्लकहरुमा कार्यक्रम सञ्चालन भएको थियो ।उक्त कार्यक्रम अन्तर्गत विभिन्न रैथाने बालीहरु जस्तै कोदो, चिनो, कागुनो, फापर, सिमी, आदि बालीहरुको ९९९५ के.जी. बीउ वितरण गरिएको थियो जसबाट करिब ७०२ हेक्टर क्षेत्रफलमा रैथाने बालीहरुको क्षेत्रफल विस्तार भएको र रैथाने बालीहरुको बीउ उत्पादन कार्यक्रम १३ हेक्टर क्षेत्रफलमा सञ्चालन भएको थियो ।

- **कृषि यान्त्रिकीकरण सहयोग**

ग्रामीण स्तरमा कृषकहरुलाई खेती कार्यमा सहजता ल्याउने एवं लागत खर्च कम गर्न तथा समयको बचत गर्न रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत हाते ट्याक्टर, मिनि टिलर, कोदो चुट्ने थ्रेसर, कम्बाइन मिल, ईलेक्ट्रिक स्प्रयेर जस्ता करिब १०४ वटा कृषि मेशिनरी/औजार/उपकरणहरू वितरण गरिएको थियो ।

- **माटो जाँच शिविर**

माटोको गुणस्तर जाँच गर्न र त्यसमा भएको खाद्यतत्वको मात्रा पत्ता लगाई सोहि अनुसारको माटो सुधारका लागि प्राविधिक सल्लाह सुझाव दिन रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा माटो जाँच शिविर सञ्चालन गरिएका थिए ।

- **साना सिंचाइ निर्माण तथा मर्मत सहयोग**

रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ११ वटा साना सिंचाइ योजनाहरु सम्पन्न गरिएका थिए जस अन्तर्गत पाइप एवं कुलो निर्माण तथा मर्मत संभारका क्रियाकलाप सञ्चालन भई रैथाने बाली खेती हुने ग्रामीण क्षेत्रमा सिंचित क्षेत्रफल विस्तार गर्न सहज भएको थियो ।

- **भकारो सुधार**

रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ग्रामीण स्तरमा आवश्यक भकारो सुधारको कार्यक्रम विभिन्न स्थानीय तहका २४ वटा घरधुरीहरुमा सञ्चालन गरिएको थियो ।

- **रैथाने परिकार विविधिकरण र कृषक क्षमता अभिवृद्धि तालिम एवं प्रदर्शनका क्रियाकलापहरु**

कृषक, सहकारी, कृषि उद्यमी, होटल व्यवसायीहरुलाई रैथाने बालीको महत्व र परिकारबारे सचेतना अभिवृद्धि गर्न, स्थानीय स्तरमा रैथाने बालीका परिकार विविधिकरणका लागि दक्ष श्रोत व्यक्तिहरु तयार गर्न र परिकार विविधीकरण मार्फत स्थानीय स्तरमा नै रैथाने बालीको उपभोगमा वृद्धि गरी बजार प्रवर्द्धन गर्न विभिन्न स्थानीय तहहरुमा ३ वटा रैथाने परिकार विविधिकरण तालिम, ३४ वटा कृषक क्षमता अभिवृद्धि तालिम र १७ वटा प्रदर्शनका क्रियाकलापहरु यस कार्यक्रम मार्फत सञ्चालन गरिएको थियो । यसबाट रैथाने बालीको परिकार विविधिकरण गर्न एवं रैथाने परिकारहरुबारे सचेतना एवं उपभोगमा वृद्धि हुने अपेक्षा गरिएको छ ।यस्तै विभिन्न स्थानीय तहहरुमा आधारभुत विद्यालयहरुमा दिवा खाजामा रैथाने बालीको खाजा समावेश गरी स्थानीय खाद्य तथा पोषण सुरक्षामा सहयोग एवं आवश्यक सुचना एवं जानकारी दिलाउने प्रयास गरिएको थियो ।

- **रैथाने बाली प्रवर्द्धन प्रचार प्रसार गतिविधि र बजारीकरण**

रैथाने बालीको प्रचार प्रसार र बजारीकरणको लागि १४ वटा रैथाने बाली प्रवर्द्धन प्रचार प्रसार गतिविधिहरु र ३ वटा बजारीकरणका सहयोगका कार्यक्रमहरु सञ्चालन गरिएका थिए

- **रोजगार सिर्जना र लाभग्राही**

रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत जम्मा १७२३ जना कृषकहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना गरेको थियो भने यस कार्यक्रमबाट सहयोग प्राप्त गर्ने जम्मा लाभग्राहीको संख्या २६७३ थियो।

## सफलताको कथा

दार्चुला जिल्लाको व्याँस गाउँपालिकाले रैथाने बालीको परिकार विविधिकरण सम्बन्धी स्थानीय होटल व्यवसायीरुलाई ७ दिने तालिम स्थानीय स्तरमा नै संचालन गरेको थियो । व्यास गाउँपालिका र सामुदायिक ग्रामिण विकास समाज, नेपाल (CRDS, Nepal) को सहकार्य एवं सहयोगमा संचालित उक्त तालिममा वडा नं. १ देखि वडा नं. ६ सम्मका १४ जना होटल व्यवसायीहरुको सहभागिता रहेको थियो। खाद्य तथा गुण नियन्त्रण विभागका प्रशिक्षक श्री लोक राज पन्त ज्यू बाट सहजीकरण भएको उक्त तालिममा सहभागिहरुलाई रैथाने बालीका विभिन्न परिकारहरु जस्तै कोदो, कागुनो र फापरको चाउमीन, आलु र केराको चिप्स, कोदो, फापर र उवाको दुनोट, फापर र कोदोको ढिडो, कोदोको रगस्ता, कोदोको नम्किन, भटमासको पनिर र भटमासको दुधको खिर, आदि बनाउन सिकाइएको थियो। तालिमले होटल व्यवसायीहरुलाई रैथाने बालीको महत्व र परिकारबारे सचेतना अभिवृद्धि गर्न, स्थानीय स्तरमा रैथाने बालीका परिकार विविधिकरणका लागि दक्ष श्रोतव्यक्तिहरु तयार गर्न र परिकार विविधिकरण मार्फत स्थानीय स्तरमा नै रैथाने बालीको उपभोगमा वृद्धि गरी बजार प्रवर्द्धन गर्न निकै टेवा पुर्याएको थियो । ब्यास गाउँपालिकाले गरेको उक्त परिकार विविधिकरण तालिम निकै उदाहरणीय रहेको थियो जुन अन्य स्थानिय तहहरुमा समेत संचालन गर्न सकिने संभावना देखिन्छ ।

## १०. कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु

- **कार्यक्रम सञ्चालनबारे अस्पष्टता एवं ढिलो गरि कार्यविधि प्राप्त हुनु**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त अनुदान मार्फत धान, मकै र रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनका स्वीकृत सञ्चालन प्रक्रिया ढिलो गरी प्राप्त भएको भन्ने स्थानीय तहहरुबाट सुझावका रुपमा प्राप्त भएको थियो । यस्तै कार्यक्रम सञ्चालन प्रक्रियामा भएका विभिन्न बुँदागत विषयवस्तु एवं क्रियाकलाप सञ्चालन विधिमा अष्पष्टता रहेको र हाल धेरैजसो स्थानीय तहहरुमा नँया जनशक्ति भएकाले कार्यक्रम सञ्चालन प्रक्रियामा भएका क्रियाकलाप सञ्चालन गर्ने अनुभवको अभावमा सजिलैसंग क्रियाकलाप सञ्चालन गर्न नसिकएको जानकारी प्राप्त भएको थियो । यस्तै कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख

भएको संघीय सर्शत अनुदानको प्रतिशत र स्थानीय तहको अनुदान प्रतिशतमा फरकपन भएकाले सहज रुपमा कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको समेत प्रतिक्रिया प्राप्त भएको थियो ।

- **स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि निर्णय तहमा कठिनाई**

कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम कार्यक्रम सञ्चालनका लागि स्थानीय तहका जनप्रतिनिधिसँग समन्वय गर्नुपर्ने र  कार्यपालिकाबाट निर्णय र अनुमोदन गराउन कतिपय स्थानीय तहमा कठिनाई र झन्झटिलो भएको पृष्ठपोषण स्थानीय तहका कर्मचारीबाट प्राप्त भएको थियो । जसका कारणले कार्यक्रम कार्यान्वयनमा ढिलाइ तथा बाधा समेत पर्न गएको थियो । कतिपय स्थानीय तहहरुमा राष्टिय खाद्य सुरक्षा मिसन अन्तर्गत सर्शत अनुदानमा पठाइएका उक्त कार्यक्रमहरुमा स्थानीय जनप्रतिनिधिहरुले बढी चासो र अपेक्षा राखी स्थानीय तहका सबै क्षेत्र र वडाहरुमा कार्यक्रम सञ्चालन गर्न निर्णय गराएकाले बजेट र कार्यक्रम छरिएर प्रतिफल प्राप्त नभएको भने कतिपय स्थानमा एउटै खालका क्रियाकलाप जस्तै बीउ वितरण वा मेशनरी खरिदमा सबै सर्शत अनुदान रकम खर्च गरिएकाले कार्यक्रमको मर्म र उद्देश्य प्राप्त गर्न सहज नभएको जानकारी प्राप्त भएको थियो ।

- **स्वदेशी जातको धान तथा मकैबाली खेतीमा कृषकको रुची कम हुनु/विदेशी जात वा हाइब्रिड प्रति आकर्षण बढ्दो**

राष्ट्रिय खाद्य सुरक्षा मिसनको एक मुख्य उद्देश्यका रुपमा नेपाली हावा पानी सुहाउँदो स्वदेशी जातहरुको प्रवर्द्धन गर्नु रहेको थियो तथापि नेपालको दक्षिणतर्फको खुला सिमाना, अव्यवस्थित आयात, विदेशी हाइब्रिड जातहरु प्रति कृषकहरु आकर्षण बढ्नु जस्ता कारणले स्वदेशी जातहरु प्रवर्द्धन गर्न कठिनाईका रुपमा देखापरेको थियो। यसका अलावा मकै र मसिना धानको स्वदेशी जातहरुको सहज उपलब्धताको अभावका कारण समेत स्वदेशी जात प्रवर्द्धनमा समस्या देखा परेको थियो ।

- **दक्ष जनशक्तिको कमि**

संघीयता लागु भएपछि कतिपय स्थानीय तहहरुमा स्थायी कर्मचारी नहुनु र करारमा नियुक्त भएका कर्मचारीमा पनि प्राविधिक एवं कार्यक्रम सञ्चालनको व्यवस्थापकीय ज्ञान सिपको कमिका कारण कार्यक्रम सञ्चालनमा एवं कार्यान्वयनमा बाधा पुगेको देखिन्छ ।

- **कोभिड-१९ को महामारी**

विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ ले खाद्य सुरक्षा मिसनको कार्यान्वयनमा पनि निकै असर गरेको थियो। कार्यक्रमबारे समयमै भौतिक रुपमा अभिमुखीकरण गर्न सहज नभएको अवस्थामा zoom बाट अभिमुखीकरण गर्ने प्रयास गरिएको थियो तथापि उक्त भर्चयुल माध्यमबाट कार्यक्रम सञ्चालन गर्दा सबैको उपस्थिति नहुने एवं प्रविधि र ईन्टरनेटको सहजता नहुँदा सहज रुपमा कार्यक्रमबारे जानकारी दिन नसकिएको आभास भएको थियो।

## ११. सफलताको कथाहरु

**चैते र मसिना जातको धानको प्रवर्द्धन (बराह क्षेत्र नगरपालिका, सुनसरी**

बराहक्षेत्र नगरापालिका, सुनसरीमा आ.व. २०७७/०७८ मा बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रबाट सर्शत वित्तीय हस्तान्तरण भई सञ्चालन भएको धान बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत सो नगरपालिका बाट विभिन्न क्रियाकलापहरु सफलतापूर्वक सञ्चालन भएका थिए ।

कार्यक्रम कार्यान्वयन क्रममा कृषिमा विद्धमान प्राविधिक समस्याको सहि पहिचान, कृषकको आवश्यकता एवं बजेटको प्राविधिक रुपमा सही विस्तृतिकरण, कामको समयमै थालनी र कार्यान्वयन केही राम्रा पक्षहरु रहेका थिए। धान बालीको प्रवर्द्धनका लागि सो नगरपालिकाले नँया जातहरुको प्रचार प्रसार एवं मसिना जातका धान चामल प्रति बढ्दो आकर्षणलाई मध्यनजर गरी ५० प्रतिशत मुल्य अनुदानमा १२ वटा मध्यम मसिना जातको धानको विउ वितरण गरेको थियो भने चैते धान प्रवर्द्धन गरी धानको उत्पादन र उत्पादकत्व वृद्धिमा महत्वपूर्ण भूमिका निभाउन निःशुल्क रुपमा १२५० के.जि. हर्दिनाथ ३ जातको चैते धानको बीउ वितरण गरिएको थियो ।यसबाट सो नगरपालिकाका वडा नं. ३, ४ र ५ मा गरि २३ हेक्टर क्षेत्रफलमा ५९ जना कृषकहरुद्वारा चैते धान खेतीको विस्तार भएको थियो । यस्तै स्थानीय स्तरमा बीउ आत्मनिर्भरताका लागि ६६५ केजी मसिनो जातको श्रोत बीउ कृषकहरुलाई उपलब्ध गराई १३ हेक्टर क्षेत्रफलमा विजवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो ।सो नगरपालिका भित्रको खेती योग्य जमिनको उत्पादकत्व फरक फरक भएतापनि नगरपालिकाले वितरण गरेको विभिन्न जातको धानको बीउबाट करिब ३६९ हेक्टर क्षेत्रफलमा खेती भई अनुमानित थप उत्पादन १८६७ मेटन हुने अनुमान गरिएको छ । यस्तै प्रविधि प्रसार एवं प्राविधिक सेवा टेवाका लागि प्रदर्शन लगायतका क्रियाकलापहरु सञ्चालन गरिएका थिए भने कृषकहरुको क्षमता विकासका लागि स्थलगत तालिमहरु समेत सञ्चालन गरिएका थिए ।

## मकै बाली प्रवर्द्धन (मालिका गाउँपालिका, गुल्मी)

मालिका गाँउपालिका, गुल्मीमा आ.व. २०७७/०७८ मा बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रबाट सर्शत वित्तीय हस्तान्नरण भई सञ्चालन भएको मकै बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत सो गाँउपालिकाबाट विभिन्न क्रियाकलापहरु सफलतापूर्वक सञ्चालन भएका थिए ।

कार्यक्रम कार्यान्वयनका लागि सो गाँउपालिकाले मालिका-१, नेटामा ३ वटा र मालिका-७, घमिरमा ३ वटा गरी ६ वटा क्लस्टरमा कार्यक्रम सञ्चालन गरिएको थियो । मकै खेती गर्ने कृषकहरुको मागको आधारमा लागत खर्च कम गर्न कृषकहरुलाइ यान्त्रिकिकरण सहयोग अन्तर्गत १८ वटा मिनि टिलर र १६ वटा हाते स्प्रेयर वितरण गरिएको थियो । यस्तै मनकामना-३ र देउती जातको ४०० के.जी बीउ वितरण गरि करिब १६ हेक्टर क्षेत्रफलमा स्वेदेशी जातको मकैलाई प्रवर्द्धन गर्ने प्रयास गरिएको थियो ।प्राविधिक प्रदर्शनका क्रियाकलाप सञ्चालनका लागि मकैमा प्राङ्गारिक मल प्रयोग गर्दा र रासायनिक मल प्रयोग गर्दा देखिने फरकबारे जानकारी दिन प्रदर्शन प्लटहरु सञ्चालन गरिएका थिए । यस्तै कृषकहरुको क्षमता अभिवृद्धि गर्न मकै खेती सम्बन्धी ४ वटा स्थलगत तालिम मार्फत ९५ जनालाई विभिन्न प्राविधिक विषयवस्तुबारे प्रशिक्षण गरिएको थियो ।

## रैथाने बाली संरक्षण सम्वर्द्धन एवं उपभोगमा वृद्धि (व्याँस गाउँपालिका, दार्चुला)

व्यासँ गाँउपालिका, दार्चुलामा आ.व. २०७७/०७८ मा बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रबाट सर्शत वित्तीय हस्तान्तरण भई सञ्चालन भएको रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत सो गाँउपालिकाबाट विभिन्न क्रियाकलापहरु सफलतापूर्वक सञ्चालन भएका थिए ।

कार्यक्रम कार्यान्वयनका लागि सो गाँउपालिकाले रैथाने बालीहरुको क्षेत्रफल विस्तार र उत्पादन एवं उत्पादकत्व वृद्धिका लागि ब्याँस गाँउपालिका वडा नं २ को दुम्लिङ्ग र वडा नं ४ को डोकट र मडगाँउ गरी २ वटा क्लस्टरमा उत्पादन लक्षित क्रियाकलापहरु सञ्चालन गरिएका थिए । कार्यक्रम सञ्चालन प्रक्रिया ५ वटा ब्लकमा कोदो, चिनो र कागुनोको उत्पादन लक्षित क्रियाकलापहरु सञ्चालन एवं प्रवर्द्धन गरिएका थिए । क्रियाकलाप संञ्चालन गरिएको थियो। रैथाने बालीको जम्मा १०५० केजी (कोदो ५०० केजी, चिनो ३०० केजी र कागुनो २५० केजी) बीउ वितरण गरी करिब ७० हेक्टर क्षेत्रफलमा रैथाने बालीको उत्पादन ब्लकहरु स्थापना गरिएका थियो भने करिब ४० मेटन रैथाने बाली उपजको उत्पादन हुने अनुमान गरिएको थियो । कृषकहरुलाई सिंचाई सुविधामा सहयोग पुर्याउन एवं सिंचित क्षेत्रफल विस्तार गर्न कृषक समूहमार्फत सिंचाई पाइप वितरण गरिएको थियो । यस्तै सो गाउँपालिकाले स्थानीय होटल व्यवसायीहरुलाई ७ दिने "रैथाने बालीको परिकार तयारी तालिम" सञ्चालन गरेको थियो । सो गाँउपालिकाको वडा नं. १ देखि ६ सम्मका १४ जना होटल व्यवसायीहरुको सहभागिता रहेको उक्त तालिममा सहभागिहरुलाई रैथाने बालीका विभिन्न परिकारहरु जस्तै कोदो, कागुनो र फापरको चाउमीन, आलु र केराको चिप्स, कोदो, फापर र उवाको दुनोट, फापर र कोदोको ढिडो, कोदोको रगस्ता, कोदोको नम्किन, भटमासको पनिर र भटमासको दुधको खिर, आदि बनाउन सिकाइएको थियो। तालिमले होटल व्यवसायीहरुलाई रैथाने बालीको महत्व र परिकारबारे सचेतना अभिवृद्धि गर्न, स्थानीय स्तरमा रैथाने बालीका परिकार विविधिकरणका लागि दक्ष श्रोतव्यक्तिहरु तयार गर्न र परिकार विविधिकरण मार्फत स्थानीय स्तरमा नै रैथाने बालीको उपभोगमा वृद्धि गरी बजार प्रवर्द्धन गर्न निकै टेवा पुर्याएको थियो। स्थानीय स्तरमा आधारभुत विद्यालयहरुमा दिवा खाजाको रुपमा रैथाने बालीबाट बन्ने परिकारको खाजा एवं स्थानीय रेडियो र संचार माध्यमबाट रैथाने बालीको महत्व र स्थानीय खाद्य तथा पोषण सुरक्षामा यसको योगदानबारे सचेतना अभिवृद्धि गर्ने कार्य समेत गरिएको थियो ।

## १२. स्थानीय तहबाट कार्यक्रम कार्यन्वयनका शिलशिलामा प्राप्त सुझावहरु

- कार्यक्रम सञ्चालन प्रकृया/ कार्यविधि समयमा नै उपलब्ध भए कार्यक्रम विस्तृतिकरण एवं कार्यान्वयनमा सहज हुने ।
- स्थानीय तहमा जनप्रतिनिथिहरुलाई कार्यक्रमबारे स्पष्ट रुपमा बुझाउन कठिनाई भएको एवं जनप्रतिनिधि ज्यूहरुबाट बढी अपेक्षाका कारण कार्यक्रम र बजेट छरिएर क्रियाकलाप सञ्चालन गर्नुपरेको ।
- कार्यक्रम विस्तृतीकरण गरी कार्यपालिका बैठकबाट स्वीकृत गराउन समय बढी लाग्ने गरेको ।
- बाली विकास कार्यक्रमको आवश्यकता एवं महत्वबारे स्थानीय तहका जनप्रतिनिधि, प्रशासकिय अधिकृत लगायतको संलग्नतामा अन्तरक्रिया हुनुपर्ने ।
- दरबन्दी अनुसारको कर्मचारीको परिपूर्ती हुनुपर्ने ।
- नेपालको तराई क्षेत्रमा कृषकहरुले विशेषगरी भारतिय जातहरु लगाउने हुनाले कार्यक्रमको मर्मबमोजिम नेपालमा विकसित जातहरुतर्फ कृषकहरुलाई आकर्षित गर्न कही कठिनाई रहेको ।
- क्लस्टर र ब्लकको क्षेत्रफल धेरै भएको ।
- कृषि प्राविधिकहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धिका कार्यक्रमहरु हुनुपर्ने ।
- कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नको लागि कृषि समाग्रीहरुको उपलब्धता समयमै हुनुपर्ने ।
- खाद्यान्न बाली कार्यक्रममा बजेट सिलिङ्ग बढाउनुपर्ने ।
- कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघीय, प्रादेशिक कार्यलयसँग अन्तरक्रिया एवं सल्लाह सुझावहरुको आवश्यकता रहेको ।
- उन्नत बीउको सुनिश्चितता हुनुपर्ने ।
- सशर्त अनुदानमा सञ्चालित कार्यक्रमको संघीय एवं प्रादेशिक कार्यालयहरुबाट समय समयमा अनुगमन एवं पृष्ठपोषण प्रदान गरिनुपर्ने ।

# अनुसूचि १: प्रदेश र स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएका बाली विकास कार्यक्रम सञ्चालन प्रक्रिया २०७७

*(नेपाल सरकार (मन्त्रीपरिषद्), मिति २०७७।०५।०९ को निर्णयानुसार तयार भइ विभागीय मन्त्रिस्तरको मिति २०७७।०५।१७ को निर्णयबाट स्वीकृत)*

१. **कार्यक्रमको परिचयः** बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहबाट संचालन हुने बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम कार्यान्वयनका लागि यो कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

**१.१ लक्ष्य/उद्देश्यः**

(क) धान तथा मकै बालीमा प्रविधि विस्तार, यान्त्रिकीकरण प्रवर्द्धन, पूर्वाधार विकास एवं बजार व्यवस्थापन लगायतका क्रियाकलापहरुलाई एकीकृत रुपमा मिशन कार्यक्रमको रुपमा सञ्चालन गरी धान/मकैको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी धान/चामल तथा मकैको आयात प्रतिस्थापनमा सहयोग पुर्याउने,

(ख) परम्परागत अन्न एवं कोदोजन्य स्थानीय तथा रैथाने बालीहरुको प्रवर्द्धनमार्फत् उत्पादन एवं उपभोग बढाई खाद्य तथा पोषण सुरक्षामा सुधार गर्ने तथा खाद्यान्न आयात कम गरी आत्मनिर्भरता बढाउने ।

**१.२ लक्षित समूहः**

यस मिशन कार्यक्रम अन्तरगत संचालन हुने धान र मकै सम्भाग तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/निजी उद्यमी/कम्पनी सहभागी हुन सक्नेछन् एवं रैथाने बाली प्रवर्द्धन तर्फ कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापक समिति/होमस्टे संचालक/रैथाने तथा स्थानीय बालीहरुको प्रशोधन, विविधीकरण तथा बजारीकरणसँग सम्बन्धित व्यवसायीहरु सहभागी हुन सक्नेछन् ।

**१.३ कार्यक्रम सञ्चालन हुने प्रदेश/स्थानीय तह/स्थानः**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत सशर्त वित्तीय हस्तान्तरणमार्फत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन हुने प्रदेश एवं स्थानीय तहमा यो मिशन कार्यक्रम सञ्चालन हुनेछ ।

**१.४ अपेक्षित उपलब्धिः**

(क) कार्यक्रम संचालन हुने प्रदेश तथा स्थानीय तहहरुमा ३५००० हेक्टर क्षेत्रफलमा नेपालमा विकास भएका मसिनो प्रकृतिको धानमा तथा कम्तिमा ५००० हेक्टर क्षेत्रफलमा चैते धानमा कार्यक्रम सञ्चालन भई थप ५०,००० मे टन धान उत्पादन हुने,

(ख) तराई, मधेस तथा मध्य पहाडी जिल्लाहरुका हिउँदे र वर्षे मकैको करिब ३५००० हेक्टरमा कार्यक्रम संचालन तथा ५००० हेक्टर बसन्ते मकैको क्षेत्र विस्तार भई थप ६५००० मे टन मकैको उत्पादन बृद्धि हुने ।

(ग) रैथाने बालीहरुको उत्पादन र वजारीकरण बीचको दूरी कम भई रैथाने तथा स्थानीय बालीहरुको प्रवर्द्धन भएको हुने ।

## २. कार्यक्रम सन्चालनका आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलाप:

### २.१ स्थानीय तह मार्फत् संचालन हुने कार्यक्रमका आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलाप:

(क) स्थानीय तह मार्फत् कार्यक्रम कार्यान्वयन गर्नको लागि सिंचाइ सुविधाको अवस्था, धान मिल/दाना उद्योगको अवस्थिति, सडकको पहुँच र बजार केन्द्रसम्मको दुरी, चक्लावन्दी तथा सामुहिक खेति गर्न सकिने सम्भावना, मिल/दाना उद्योगको आवश्यकता बमोजिम उत्पादन गर्न सकिने अवस्था तथा धान मिल/दाना उद्योगसँग खरिद सम्झौता हुन सक्ने अवस्था लगायतका मूख्य मापदण्डहरुको आधारमा क्लष्टर छनौट गर्न सम्वन्धित स्थानीयत तहले समिति गठन गर्नेछ । तर स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

(ख) बुंदा (क) बमोजिमको समितिले विषयसँग सम्वन्धित विज्ञ, पदाधिकारी, संघ एवं प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कार्यालय/फार्म केन्द्रलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) बुंदा (क) बमोजिमको समितिको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछ:-

(अ) स्थानीय तहसँग सहकार्य गरी उत्पादन क्लस्टर अन्तर्गतका प्रत्येक उत्पादन व्लकमा सम्मिलित कृषकहरुको आधारभूत विवरण संकलन र अद्यावधिक गर्ने,

(आ) क्लस्टर भित्र चक्लावन्दी गरी उत्पादन व्लक निर्माणमा कृषकहरुलाई प्रेरित तथा आवश्यक सहजीकरण गर्ने,

(इ) क्लस्टर भित्रका उत्पादन व्लकहरुमा मूख्य बालीको आधारमा पुरै बाली प्रणालीको उत्पादन योजना बनाइ कार्यान्वयन गर्न कृषकहरुलाई प्रेरित गर्ने,

(ई) क्लस्टर भित्र आवश्यक बीउ विजन, मलखाद लगायतका उत्पादन सामग्रीहरुको परिमाण एकिन गरि स्थानीय तहसंग सहकार्य गरि तिनको आपूर्तीको व्यवस्था मिलाउने,

(उ) क्लस्टर अन्तर्गत लिजमा जग्गा लिन र दिन सहजीकरण गर्ने,

(ऊ) कृषि ऋण आवश्यक परेका सदस्यहरुको माग सङ्कलन गरी स्थानीय बैंक तथा वित्तीय संस्था मार्फत ऋण प्रवाहको लागि सहजीकरण गर्ने,

(ए) सबै कृषकहरुलाई अनिवार्य बाली विमा गर्न प्रेरित र सहजीकरण गर्ने,

(ऐ) उपजको उत्पादन अनुमान गर्ने एवं उपजको गुणस्तर कायम गर्न, भण्डारण गर्न सदस्यलाई सहयोग गर्ने,

(ओ) उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुर्याउने,

(औ) सम्भाव्यताका आधारमा नजिकको उद्योग (धानको हकमा धान चामल मील, मकैको हकमा दाना उद्योग) सँग खरिद सम्झौता (Buy Back Agreement) गर्न सहजीकरण गर्ने,

(अं) सम्भाव्यताको आधारमा सामुदायिक गोदाम/अन्न बैंक संचालन गर्ने।

(घ) बुंदा (क) बमोजिम गठन हुने समितिले धानको हकमा तराईमा १००० हेक्टर, पहाडमा ५०० हेक्टर तथा मकैको हकमा तराईमा ५०० हेक्टर र पहाडमा २५० हेक्टर भन्दा कम नहुने गरी उत्पादन क्लस्टरहरु छनौट गर्नेछ ।

(ङ) प्रत्येक क्लस्टरलाई तराईमा कम्तिमा २० हेक्टर र पहाडमा १० हेक्टर क्षेत्रफल भन्दा कम नहुने गरी यथासम्भव एक अर्कामा जोडिएका प्लटहरुबाट बनेको उत्पादन व्लकहरुमा विभाजन गरिनेछ । यस्ता उत्पादन व्लकहरु व्यक्तिगत वा सामुहिक हुने छन् ।

(च) बुँदा नं (घ) बमोजिमको मापदण्ड पुरा गरेका योग्य आवेदक सूचीकृत गर्न सम्बन्धित स्थानीय तहले नियमानुसार सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(छ) बुँदा नं (च) बमोजिम प्रकाशन भएको सूचनाको आधारमा कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुमा सहभागी हुने इच्छुक आवेदकहरुले सम्बन्धित स्थानीय तहले तोकेको आवश्यक कागजात सहित सम्वन्धित स्थानीय तहले आव्हान गरे बमोजिम सूचिकृत हुनको लागि आवेदन दिनु पर्नेछ । यसरी प्राप्त आवेदन सम्वन्धित स्थानीय तहले जाँचबुझ गरी सूचिकृत गर्नेछ । यसको अलावा स्थानीय तहले कार्यक्रम अन्तर्गतको कृयाकलापमा सहभागी हुने कृषकहरुको विवरण सहित डिजिटल दर्ता गर्नेछ । साथै स्थानीय तहले यस कार्यक्रमसँग सम्वन्धित सवै सूचना र विवरण प्रविष्ट एवम् अद्यावधिक गर्नेछ ।

(ज) बुँदा नं (छ) बमोजिम सूचीकृत भएका र आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा सूचिकृत हुने आवेदकहरु मध्येबाट समितिले छनौट मापदण्ड बनाई लाभग्राहीको छनौट गर्नेछ ।

(झ) बुँदा २.१ (क) बमोजिम गठन हुने समितिलाई सहयोग गर्न तथा तालिका १ मा उल्लेखित कृयाकलापहरु सन्चालन गर्ने सन्दर्भमा आवश्यक सहजीकरण गर्न उत्पादन क्लस्टरमा सूचिकृत भई छनौट भएका आवेदकहरु समावेश गरी बुँदा २.१ (क) बमोजिमको समितिले क्लष्टर समन्वय समिति गठन गर्न सक्नेछ।

(ञ) बुँदा नं (झ) बमोजिमको क्लष्टर समन्वय समितिको काम, कर्तव्य र अधिकार बुँदा २.१ (क) बमोजिमको समितिले तोके बमोजिमको हुनेछ ।

(ट) यस कार्यक्रम अन्तर्गत तालिका १ मा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन्:-

**तालिका १: स्थानीय तहबाट संचालन गरिने क्रियाकलाप र तिनको विस्तृत संचालन विधि**

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| कार्यक्रममा आवद्ध हुने आवेदकहरुको डिजिटल अभिलेख तयार | | धान/मकै |
| माटो जाँच गरी माटो स्वास्थ्य कार्ड (soil health card) वितरण | • माटोको उर्वराशक्ती नक्साको उपयोग वा तयारी ।<br>• मोवाइल माटो परिक्षण प्रयोगशाला मार्फत माटोको नमूना जाँच गरी माटो स्वास्थ्य कार्ड वितरण गरिने। | धान/मकै |
| मलखाद उपलव्धता | • आवश्यक रासायनिक मलको माग सङ्कलन गरिने।<br>• रासायनिक मलको अलावा अम्लियपना बढि भएकोमा अनुदानमा कृषि चून समेत उपलव्ध गराइने ।<br>• स्थानीय तहले तोकेको नजिकको इजाजत प्राप्त मल विक्रेता सहकारी वा | धान/मकै |

<table>
<tr><th>क्रियाकलाप</th><th>संचालन विधि</th><th>बाली</th></tr>
<tr><td></td><td>कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका विक्रि केन्द्रलाई सिफारिश गर्ने।</td><td></td></tr>
<tr><td>भकारो सुधार</td><td>• भकारो सुधार गरी गोठेमल तथा पशुमुत्र व्यवस्थापन गर्न कूल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. १२, ०००।— (बाह्र हजार रुपैयाँ) उपलव्ध गराइनेछ । यस कृयाकलापमा सहभागी हुन इच्छुक कृषकहरुले कम्तिमा दुई वटा ठूला पशु चौपाया पालेको हुनु पर्नेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>गुणस्तरीय कम्पोष्ट मल उत्पादन</td><td>• गडयौले मल तथा शुक्ष्म जिवाणु (प्रभावकारी शुक्ष्म जीव (इ एम), वेष्ट डिकम्पोजर) को प्रयोग गरी कम्पोष्ट मल तयारीको लागि लागतको ५०% वा बढिमा एकमुष्ठ रु १०,०००।— (दश हजार रुपैयाँ) उपलव्ध गराइने छ ।<br>• उत्पादन व्लक भित्र एकै टोलका कम्तिमा १० कृषक परिवारको सहभागितामा सामुहिक रुपमा गडयौले मल उत्पादन गर्नको लागि भर्मि बेड र सेड निर्माणको लागि कूल लागतको ५०% वा बढिमा एकमुष्ठ रु. ५०,०००।— (पचास हजार रुपैयाँ) उपलव्ध गराइनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>बायोफर्टिलाइजर र शुक्ष्म तत्व प्रदर्शन</td><td>• माटोको उर्वराशक्ति बढाउन राइजोवियम, एजोटोब्याक्टर, फस्फोरस सोलुविलाइजिङ्ग व्याक्टेरिया तथा विभिन्न शुक्ष्म तत्वहरुको प्रयोगलाई बढावा दिन कृषकको खेतबारीमा प्रदर्शन सन्चालन गरिनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>हरियो मल प्रयोग प्रवर्द्धन</td><td>• हरियो मलको बीउमा सत प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।<br>• हरियो मल प्रयोग प्रविधि (रोप्ने/छर्ने समय र तरिका तथा छरेको हरियो मललाई माटोमा मिलाउने समय र तरिका) वारे स्थलगत १ दिने तालिम सञ्चालन गरिनेछ ।</td><td>धान</td></tr>
<tr><td>वायोचार प्रयोग प्रवर्द्धन</td><td>• स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको प्रयोग गरी बायोचारको उत्पादन र प्रयोग गर्न किसानलाइ उत्प्रेरित गरिनेछ ।</td><td>धान/मकै</td></tr>
<tr><td>प्रविधि परिक्षण तथा स्थलगत प्रदर्शन</td><td>सहभागीतात्मक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम (छरुवा खेति प्रविधि (धान)/रासायनिक मलको समुचित प्रयोग/Alternate Wetting and Drying (AWD)/जलवायु अनुकुलित धानको खेति प्रदर्शन/जलवायु अनुकुलित खेति प्रदर्शन/रोग कीराको जैविक विधिद्वारा व्यवस्थापन तथा Bio Control Agent लाई लक्षित गरी IDPM (Integrated Disease and Pest Management)/बोरो धानको व्लकमा परीक्षण तथा भ्यालिडेसन/पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधिको प्रदर्शन संचालन गरिनेछ ।<br>प्रदर्शन अनुसार आवश्यक न्यूनतम क्षेत्रफल देहाय बमोजिम हुनु पर्ने
<table>
<tr><td>खेति प्रविधि प्याकेज (POP)</td><td>तराई - २ कठ्ठा, पहाड- १ रोपनी</td></tr>
<tr><td>पूर्व उन्मोचित जातीय प्रदर्शन</td><td>तराई - २ कठ्ठा, पहाड- १ रोपनी</td></tr>
<tr><td>नव उन्मोचित जातीय प्रदर्शन</td><td>तराई - १० कठ्ठा, पहाड- ५ रोपनी</td></tr>
<tr><td>अन्य प्रदर्शन</td><td>तराई - १ कठ्ठा, पहाड- ०.५ रोपनी</td></tr>
</table></td><td>धान/मकै</td></tr>
<tr><td></td><td>नेपाल कृषि अनुसन्धान परिषदबाट सिफारिस भएका नयाँ तथा उच्च</td><td>धान/मकै</td></tr>
</table>

| क्रियाकलाप | संचालन विधि | बाली |
| --- | --- | --- |
| | उत्पादन दिने जातहरु तथा आधुनिक प्रविधिहरुको प्रदर्शन गरिनेछ । | |
| | पूर्व उन्मोचित जातहरुको जातीय परीक्षणलाई प्राथमिकता दिइनेछ । | धान/मकै |
| | परीक्षण तथा प्रदर्शन कार्यक्रम संचालन गर्न प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयको प्राविधिक सहयोग लिइनेछ । | धान/मकै |
| उन्नत बीउ वितरण | • नेपालमा विकास भई लोकप्रिय भएका जातहरुमा मात्र (बर्णशंकर समेत) बीउ अनुदान कार्यक्रम संचालन हुनेछ ।<br>• स्थानीय स्तरमै बीउ बीजन बिक्रेतालाई समितिले क्लस्टरको लागि आधिकारिक विक्रेता तोक्नेछ ।<br>• बिक्रेताले तोकिएको बीउ उत्पादकबाट उन्नत बीउ प्राप्त गरी कृषकलाई बिक्रि गर्नेछ ।<br>• जग्गाको क्षेत्रफलको आधारमा तोकिएको बीउ बिजन बिक्रेता वा सेवा प्रदायकबाट बीउ विजन खरिद गर्न कृषकलाई बीउको परिमाण खुलेको कुपन उपलब्ध गराईनेछ ।<br>• कृषकले खरिद गरेको बीउ समितिले भेरिफाई गरे पछि स्थानीय तह/स्थानीय तहको कृषि हेर्ने शाखा वा इकाईले डिजिटल इन्ट्री गर्नेछ ।<br>• बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ बमोजिमको राष्ट्रिय बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्था समितिले कृषकलाई उन्नत बीउ खरिदमा अनुदान दिने प्रयोजनको लागि तोकेको जातमा बढिमा ५०% मूल्य अनुदान उपलब्ध गराइने छ ।<br>• कृषकले बीउ खरिद गरेको बीलको आधारमा उपलब्ध गराइने अनुदान बापतको रकम सोझै कृषकको बैंक खातामा फिर्ता गर्ने व्यवस्थाको लागि समितिले स्थानीय तहलाई सिफारिश गर्नेछ।<br>• बीउ विजन डिपो टाढा भए कल्स्टरको क्षेत्रफलको आधारमा तोकीएको बीउ बिक्रेता वा सेवा प्रदायकबाट बजार मूल्य/ तोकिएको मूल्यमा बिउ विजन खरिद गरी एकमुष्ठ ढुवानी गरी मूल्य र ढुवानी भाडा लिइ कृषकलाई उपलब्ध गराउन सकिनेछ ।कृषकले खरिद गरेको बीउको बीलको आधारमा उपलव्ध गराइने अनुदान बापतको रकम सोझै कृषकको बैंक खातामा फिर्ता गर्ने व्यवस्था गरिने । | धान/मकै |
| बीउ उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | • क्लस्टर अन्तर्गत प्रमुख बालीहरुको उन्नत बीउ उत्पादनको लागि उपयुक्त क्षेत्र एवं कृषक समूह/सहकारी/कृषकको छनौट गरिनेछ ।<br>• कृषक समूह/सहकारी/निजी उद्यमी/कम्पनीले तराईको हकमा प्रति बाली न्यूनतम धानमा १० हेक्टर तथा मकैमा ५ हेक्टर र पहाडी क्षेत्रमा प्रति बाली न्यूनतम धान/मकै २५ रोपनी क्षेत्रफलको ब्लक एकै जातको बीउ उत्पादन गर्न श्रोत बीउमा ५० प्रतिशत अनुदानको व्यवस्था मिलाइनेछ।<br>• उन्नत बीउ उत्पादकले बीउ विजन तथा गुणस्तर नियन्त्रण केन्द्रबाट सन्चालित Digitally Enabled Seed Information System (DESIS) को | धान/मकै |

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| | उपयोग गरी नार्क तथा अन्य सरकारी फार्म केन्द्र र अन्य स्रोत बीउ उत्पादनको लागि अनुमति प्राप्त गरेको उत्पादकहरुबाट आवश्यक स्रोत बीउ प्राप्त गर्न सक्नेछन् ।<br>• बीउ उत्पादकलाई आवश्यक पर्ने प्रोशेसिङ्ग प्लान्ट, सिड ट्रिटर, ग्रेडर लगायतका औजार उपकरण र बीउ प्याकेजिङ्ग लेभलिङ्ग सहयोग समेत उपलब्ध हुनेछ । | |
| चक्लाबन्दी वा सामूहिक खेति प्रवर्द्धनका लागि एक पटकका लागि जमिन सम्याउन प्रोत्साहन अनुदान | छनौट भएका उत्पादन ब्लकहरुमा प्रति हेक्टर रु.१०,०००।— (दश हजार रुपैयाँ) नबढ्ने गरी समितिको निर्णय बमोजिम प्रोत्साहन दिन सकिनेछ । | धान/मकै |
| सामुहिक/सामुदायिक/नीजि कृषि सामग्री विक्री तथा कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापनाः | अ) क्लस्टर अन्तर्गत कृषकहरुको लागि आवश्यक बीउ, मलखाद, विषादी, स-साना औजार तथा उपकरण विक्री वितरण एवं बाली उत्पादन, कटानी आदिमा प्रयोग हुने ट्र्याक्टर तथा ट्र्याक्टरमा जडान हुने उपकरणहरु भाडा लिइ उपलब्ध गराउने सामुहिक वा निजी सेवा केन्द्र स्थापना गरिने छ । कल्स्टरको साइज, कृषि समग्री तथा मेशिनरी मागको आधारमा क्लस्टरमा एक वा सो भन्दा बढी सेवा केन्द्र हुन सक्नेछ ।(कष्टम हायरिङ्ग सेवा केन्द्रमा हुनु पर्ने न्यूनतमा कृषि यन्त्रहरु तालिका (क) मा उल्लेख भए बमोजिम हुनेछ)<br>(आ) सहकारी/सामुदायिक वा निजी सेवा केन्द्रले कृषि सामग्री र साना औजार तथा उपकरण बिक्री वितरण र कष्टम हायरीङ्ग सेवा मध्ये कुनै एक वा दुवै कार्य गर्न सक्नेछन् । दुवै प्रकारका सेवा केन्द्रहरुलाई मलखाद तथा बीउ विजनको डिलरसीपको लागि प्राथमिकता दिइने छ ।यस्ता सेवा केन्द्रहरु कानुन बमोजिम दर्ता भई व्यवसायिक कारोवार गर्न योग्य हुनु पर्नेछ ।<br>(इ) कष्टम हायरिङ्ग सेवा प्रदान गर्नेले पालना गर्नु पर्ने शर्तहरुः यस्तो कष्टम हायरिङ्ग सेवा प्रदान गर्नेले अनुदान प्राप्त गर्न चाहेमा देहाय बमोजिमका शर्तहरु पुरा गर्नु पर्नेछः-<br>• यस्तो केन्द्र स्थापनाका लागि आवेदन दिने आवेदकहरुले आवश्यक घर तथा जग्गा उपलब्ध गराउनु पर्नेछ ।<br>• यस्तो जग्गाको स्वामित्व आफूमा नभएमा कम्तिमा १५ वर्ष अवधिको लागि भाडामा लिएको हुनुपर्नेछ ।<br>• कष्टम हायरिङ्ग संचालन हुने अवस्थामा कष्टम हायरिङ्ग सेवा उपलब्ध गराउने सेवा/सहुलियत प्रचलित बजार मूल्य/भाडा भन्दा कम्तीमा २० प्रतिशत कम हुनुपर्नेछ ।<br>• साथै, कार्यक्रम संचालन हुने स्थानका यस कार्यक्रममा आवद्ध कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म/कम्पनी/उपभोक्ता समितिले विगत देखिनै | धान/मकै |

| क्रियाकलाप | संचालन विधि | बाली |
|---|---|---|
| | कष्टम हायरिङ्ग संचालन गरिरहेको अवस्थामा सेन्टरमा रहेका कृषि यन्त्रहरु अपुग भई आवश्यक कृषि यन्त्रहरुमा माग गरेमा उक्त कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म/कम्पनी/उपभोक्ता समितिलाई समेत आवश्यकता अनुरुप कृषि यन्त्रहरु उपलब्ध गराउन सकिनेछ ।<br>• कुल लागतको ५०% वा एकपटकको लागि बढिमा एकमुष्ठ रु. २५,००,०००।— (पच्चिस लाख रुपैयाँ) अनुदान स्वरुप उपलब्ध गराइने छ ।निजी सेवा केन्द्र स्थापनाको लागि यस्तो अनुदान कुल लागतको ५०% वा बढिमा १५,००,०००।— (पन्ध्र लाख रुपैयाँ) अनुदान स्वरुप उपलब्ध गराइने छ । वा यसरी स्थापना हुने सेवा केन्द्रलाई कष्टम हायरिङ्ग सेवाका लागि मात्र आवश्यक मेशिनरी औजार उपकरणहरुमा नियमानुसारको अनुदान उपलब्ध गराइनेछ ।<br>• कष्टम हायरिङ्ग वा कष्टोमाइज्ड सेवा उपलब्ध गराउन निजी तथा सामुदायिक संस्थाहरु तयार नभएको अवस्थामा वा अन्य व्यवहारिक कारणले त्यस प्रकारका सेवा केन्द्र संचालन गर्न सम्भव नभएको अवस्थामा सम्बन्धित स्थानीय तहलाई सेवा केन्द्र स्थापना गर्न उत्प्रेरित गरिने छ। | |

## २.२ प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयहरुबाट संचालन हुने कार्यक्रमको आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलाप

(क) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले बुँदा न २.१ (क) बमोजिमको समितिले छनौट गरेको क्लष्टर भित्र उत्पादन भएका कृषि उपजको प्रशोधन, बजार व्यवस्थापन, भण्डारण आदि कार्यमा सहयोग गर्ने उद्देश्यले पूर्वाधार विकास (भण्डारण संरचना निर्माण, साइलो निर्माण, ड्रायर स्थापना, थ्रेसिङ्ग फ्लोर निर्माण आदि), ब्रान्डिङ्ग सहयोग तथा कष्टमाइज्ड सेवा संचालन क्रियाकलापहरु कार्यान्वयन गर्न नियमानुसार सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ ।

(ख) बुँदा नं (क) बमोजिम आवेदन प्राप्त भई आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयले प्राप्त आवेदनहरुको मूल्याङ्कन गर्न मूल्याङ्कन समिति गठन गरी उक्त समितिले बनाएको छनौट मापदण्डको आधारमा लाभग्राही छनौट गर्न सक्नेछ । तर प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालयमा जिल्लास्तरमा कृषि कार्यक्रम सञ्चालन गर्ने समिति रहेको खण्डमा सोही समितिले कार्यक्रम कार्यान्वयन गर्न सकनेछ । यसरी गठन हुने समितिमा संघीय सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्र एवं स्थानीय तह समावेश गर्न सकिनेछ।

(ग) कार्यक्रम कार्यान्वयन हुनु पूर्व कार्यक्रम संचालन स्थल तथा लाभग्राही छनौट भए पश्चात् सम्बन्धित स्थानीय तहको रोहबरमा धान मिल/दाना उद्योगीसँग पूर्व उत्पादन करार सम्झौताका लागि प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले सहजीकरण गर्नेछ ।

(घ) बुँदा नं (क) भन्दा बाहेकका प्रविधि विस्तार, बिजबृद्धि, परीक्षण तथा प्रदर्शन कार्यक्रम संचालन, क्षमता अभिवृद्धि तालिम, इन्टर्नसिप कार्यक्रमहरु लगायतका कार्यक्रमहरु तालिका २ मा उल्लेख भए बमोजिम सञ्चालन हुनेछ ।

**तालिका २: प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट संचालन हुने क्रियाकलापहरु (धान र मकै)**

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| कार्यक्रममा आवद्ध हुने कृषक/समुह/सहकारी/ निजि/उद्यमी र व्यवसायीहरुको अभिलेख तयार गरी कम्प्युटर प्रणालीमा प्रविष्ट | | धान/मकै |
| प्रविधि प्रदर्शन कार्यक्रम | नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा नयाँ तथा नविनतम् प्रविधिहरु सम्बन्धी तालिम तथा प्रदर्शन तथा सिमिट/इरी लगायतका संस्थाहरु मार्फत् विकास भएका उच्च उत्पादन दिने धान/मकैका जातहरुको प्रदर्शन कार्यक्रम संचालन गरिनेछ । | धान/मकै |
| खेति प्रविधि प्याकेज (Package of Practice-PoP) तयारी तथा प्रसार | • क्लस्टरमा नजिकको कृषि अनुसन्धान केन्द्र, संघीय मन्त्रालयको कार्यालय, प्रादेशिक मन्त्रालयको कार्यालय र उत्पादन क्लष्टरका प्रतिनिधी कृषकहरुको सहभागितामा कृषकका समस्या पहिचानको लागि छलफल आयोजना गरिने।<br>• समस्या पहिचानको आधारमा कृषकले अपनाइ आएको विद्यमान तरिका र उपलव्ध प्रविधि बीचको अन्तर पत्ता लगाइ कृषकको असल अभ्यास समेत समावेश गरि PoP तयार गरिने । सो को लागि सम्वन्धित प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय अन्तर्गत एक विज्ञ समूह गठन गर्न सकिने।<br>• PoP तयारी भएपछि विभिन्न agro-ecological regions को प्रतिनिधित्व हुने गरि क्लस्टरहरुमा कृषकहरुबीच pre-testing गरिने । Pre-testing को आधारमा PoP लाई अन्तिम रुप दिई लागु गरिने ।<br>• PoP मा आधारित स्थलगत तालिम तथा प्रदर्शन सन्चालन | धान/मकै |
| कष्टोमाइज्ड सेवा दिने सेवा केन्द्र स्थापना र सन्चालनका लागि पाइलटिङ्ग गरिने: | क्लस्टर भित्र र बाहिर समेत मूल्य तथा शुल्क लिई बाली उत्पादन भण्डारण, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित वस्तु र सेवा उपलब्ध गराउन नमुनाको रुपमा केहि सिमित क्लस्टरहरुमा कृषकहरुलाई आवश्यक र माग बमोजिमको | धान/मकै |

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| | कष्टमाइज्ड सेवा दिने सेवा केन्द्र स्थापना र संचालनको लागि पाइलट (piloting) कार्यक्रम संचालन गरिनेछ । यस पाइलट कार्यक्रमका लागि आवेदक छनौटका लागि समितिले मापदण्ड बनाइ छनौट गर्नेछ ।<br><br>कष्टमाइज्ड सेवा केन्द्रले देहाय अनुसारका कृषि उत्पादन सामग्री तथा सेवाहरु मूल्य सूची समेत प्रकाशित गरी उपलब्ध गराउन सक्ने छ:<br>• सिफारिस गरिएको उन्नत बीउ<br>• बेर्ना उत्पादन (seedling factory) र बिक्री वितरण<br>• 2W पावर टिलर तथा ट्रायक्टर जडित विभिन्न attachment प्रयोग गरी जमिनको जोताइ तथा जमिनको तयारी<br>• Transplanter/Planter/Multicrop Seed Drill/Precision planter को प्रयोग<br>• मलखाद तथा विषादिको बिक्री वितरण र खेत बालीमा प्रयोग<br>• धान/मकै गोड्ने मेशिन<br>• मेशिन प्रयोग गरी गोडमेल<br>• कम्वाइन तथा साना मेशीनरीहरुको प्रयोग गरी बाली कटानी तथा चुटानी<br>• प्राविधिक सेवा टेवा तथा परामर्श सेवा<br>• कृषि सामग्री तथा उत्पादन ढुवानी सेवा | |
| धान मिल संचालक तथा दाना उद्योगीलाई चैते धान/मकै सुकाउन ड्रायर सहयोग तथा सामुदायिक स्तरमा मध्यम साइजका Movable Dryer सहयोग कार्यक्रम, धान मिलको स्तरोन्नती | • स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, आवेदन माग तथा लाभग्राही छनौट गर्नेछ | धान/मकै |
| धान र अन्य अन्न भण्डारणको लागि गोदाम घर निर्माण | प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग समन्वय गरी उक्त संरचनाको स्पेशिफिकेसन र लागत अनुमान तयार गरी प्रचलित नियमानुसार संचालन गर्नेछ । | धान/मकै |

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| सिंचाइ पूर्वाधार विकास | • मुलत चैते धान र बसन्ते मकै खेति विस्तारका लागि सिंचाइ सुविधा उपलब्ध गराउन सोलार पम्प, स्यालो ट्युववेल जडान तथा साना सिंचाइ कार्यक्रम संचालन गरिनेछ ।<br>• यसका लागि लागत इष्टिमेटको ५० प्रतिशत वा रु. १,५०,०००।— (एक लाख पचास हजार रुपैयाँ) मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप उपलब्ध गराइनेछ । | धान/मकै |
| उत्पादनमा आधारित बाली बीमा कार्यक्रम प्रवर्द्धन | प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले सम्बन्धित जिल्लामा बाली बीमाका लागि तोकिएका निर्जिवन बीमा कम्पनीहरुसँग समन्वय गरी कार्यान्वियन गर्नेछ | धान/मकै |
| नेपालमा उन्मोचन भएका धान/चामलको ब्रान्डीङ्ग सहयोग कार्यक्रम | स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, माग सङ्कलन, लाभग्राही छनौट गरी कार्यान्वियन गर्नेछ | धान |
| अन्तरबाली व्यवस्थापन | कार्यक्रम अन्तरगत मकैबाली सम्भाग संचालन हुने क्लष्टरहरुमा कोशेबालीलाई अन्तरबालीको रुपमा लगाइने । | मकै |
| कृषि यन्त्रहरुको संचालन, मर्मत सम्भार तथा सुरक्षा (safety measure) सम्बन्धी तालिम | कृषि इन्जिनियरिङ्ग डिभिजन वा कृषि यन्त्र परीक्षण केन्द्रसँग समेत आवश्यक समन्वय गरी संचालन गरिनेछ । | धान/मकै |
| भण्डारण पूर्वाधार विकास तथा पोष्ट हार्भेष्ट व्यवस्थापन सहयोग कार्यक्रम(थ्रेसिङ्ग फ्लोर, साइलो, हर्मेटिक व्याग, ड्रायरआदि) | स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न गठित समितिसँग समन्वय गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले नियमानुसार सूचना प्रकाशन, माग सकलन, लाभग्राही छनौट गरी कार्यान्वियन गर्ने | धान/मकै |
| इन्टर्नशिप कार्यक्रम सन्चालन | त्रिभुवन विश्व विद्यालय, कृषि तथा बन विश्वविद्यालय र अन्य कलेजमा अध्ययनरत विद्यार्थी एवं जेटि/जेटिए अध्ययन गरि रहेका विद्यार्थीहरुलाई स्थानीय तह कृषि शाखाले इन्टर्नशिपको लागि क्लस्टरमा खटाउन सक्ने छ ।इन्टर्नशिपमा रहेका विद्यार्थीहरुले क्लस्टरमा सन्चालन हुने गतिवधिमा सहभागी भइ मिशनलाई सघाउनु पर्ने छ । उनिहरुले पूरा गर्नु पर्ने जिम्मेवारी मिशनले तोके बमोजिम हुने र सो को आधारमा कृषि शाखा प्रमुखले प्रशिक्षार्थीको मूल्याङ्कन गर्ने छन् । इन्टर्नशिप अवधि कम्तिमा ९० दिन र बढिमा १२० दिनको हुने छ । प्रशिक्षार्थीले दैनिक रुपमा आफूले गरेका कार्य वा आफू सहभागी भएको कृयाकलापहरुको विवरण समावेश गरि डायरी बनाउनु पर्ने छ ।यसको अलावा इन्टर्नशिपको अन्तमा पुरै अवधिमा आफूले | धान/मकै |

| क्रियाकलाप | संचालन विधि | क्रियाकलाप संचालन हुने बाली |
|---|---|---|
| | गरेका कार्यहरु र सिकेका तथा सिकाईका विषयहरु समावेश गरि प्रतिवेदन तयार गरी एक एक प्रति सम्वन्धित स्थानीय तह कृषि शाखा र क्लष्टर समन्वय समितिलाई बुझाउनु पर्ने छ । | |
| बाली संरक्षण सेवा | यस अन्तरगत कृषकलाई आवश्यक पर्ने जैविक/रासायनिक विषादिको समयमै उपलब्धता गराइनेछ । समय समयमा देखिने रोग कीरा व्यवस्थापनका लागि बाली संरक्षणका क्रियाकलापहरु (कृषक पाठशाला, तालिम, अभिमूखीकरण, विषादी वितरण आदि) संचालन गरिनेछ । | |
| हाइब्रिड धान/मकै उत्पादन तालिम (कृषक/सहायक प्राविधिक/अधिकृत स्तर) | तालिम कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्को नजिकको अनुसन्धान केन्द्र तथा राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम/राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रमका श्रोत व्यक्ती/विज्ञहरुबाट सहजीकरण हुने गरी संचालन गरिनेछ | |
| खाद्य तत्व व्यवस्थापन तालिम | | |
| सचेतना कार्यक्रम | मकैबालीमा बढी चिस्यानका कारण देखिने अफ्लाटोक्सिन विसाक्तको सम्बन्धमा विद्युतीय तथा छापा संचार माध्यमहरुबाट सचेतना कार्यक्रम संचालन गरिने | |
| करार सम्झौता | धान/मकै उत्पादक र क्रेताबीच करार सम्झौता (Buy Back Agreement) गरी बजारीकरणको सुनिश्चतता गर्ने | |

(ङ) यस संचालन प्रक्रिया अन्तरगत स्थानीय तहले संचालन गर्ने क्रियाकलापहरुको कार्यान्वयनमा प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट प्राविधिक सहयोग हुनेछ ।

(च) प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयले बुँदा नं २.१ (क) बमोजिमको समितिले छनौट गरेको कृषकहरुलाई पहिलो प्राथमिकता दिई कार्यक्रम संचालन गर्नेछ ।

### २.३ रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनको आधारभूत पक्ष तथा सञ्चालन हुने क्रियाकलापः

(क) अधिकांश मध्य पहाडी र उच्च पहाडी क्षेत्रको खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका तर हाल निकै कम खेति गरिने परामपरागत अन्न एवम् कोदो जन्य बालीहरुको प्रवर्द्धन गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन यो कार्यक्रम संचालन गरिनेछ।

(ख) रैथाने बाली प्रवर्द्धनका लागि उत्पादन पूर्व अवस्था देखि उपभोगसम्ममा पुग्दा पार हुने विभिन्न चरणहरु (उत्पादन सामग्री आपूर्ती, उत्पादन, प्रशोधन, बजारीकरण तथा उपभोग आदि) मा सहजीकरण गर्ने गरी पूर्ण मूल्य श्रृंखला अवधारणामा (Complete Value Chain Approach) आधारित रही कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम देहायका ५ उप सम्भागहरु (Sub Components) मा केन्द्रित रही संचालन गरिनेछ। उप सम्भाग अन्तरगत संचालन गरिने क्रियाकलापहरु बुँदा न५ अनुसारका हुनेछन् ।

(अ) सचेतना वृद्धि (Awareness Creation)

(आ) उत्पादन सामग्री आपूर्ति तथा प्रविधि (Input supply and Technology)

(इ) उत्पादन विविधीकरण (Product diversification)

(ई) बजारीकरण सहयोग (Marketing support)

(उ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

(ग) यस कार्यक्रमको कार्यान्वयन स्वीकृत बजेट र कार्यक्रमको परिधि भित्र रही मुलत स्थानीय तह मार्फत् हुनेछन् प्रदेश एवं संघीय निकायहरुबाट सहयोगी कार्यक्रमहरु संचालन हुनेछन् ।

(घ) कार्यक्रम संचालन हुने क्रियाकलापहरु क्लष्टरमा संचालन गरिनेछ ।क्लष्टरमा कार्यक्रम संचालन गर्दा क्लष्टरको क्षेत्रफल २० हेक्टर र क्लष्टरभित्रको ब्लकको हकमा ५ हेक्टर हुनुपर्नेछ ।यसरी कायम हुने ब्लक सामूहिक वा व्यक्तिगत हुन सक्नेछन् ।

(ङ) यस संचालन प्रक्रिया अनुसार संचालन हुने रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि बुँदा न २.१ (क) र २.१ (झ) मा व्यवस्था भए बमोजिमको समिति तथा क्लष्टर समन्वय समिति समेत गठन हुन सक्नेछन्।

(च) यस कार्यक्रम अन्तरगत पहिलो चरणमा कोदो, फापर, उवा, कागुनो, चिनो, जौ, जुनेलो, लट्टे, मास, मस्याङ्ग, गहत लगायतका रैथाने बालीहरुमा संरक्षण एवं प्रवर्द्धन कार्यहरु संचालन गरिनेछ।

(छ) यस कार्यक्रम संचालनका लागि सम्बन्धित स्थानीय तहले कार्यक्रममा आवद्ध हुन आवश्यक कागजात समेत उल्लेख गरी नियमानुसार सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

(ज) बुँदा नं (छ) बमोजिम प्रकाशन भएको सूचनाको आधारमा कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुमा सहभागी हुने इच्छुक आवेदकहरुले सम्बन्धित स्थानीय तहले तोकेको आवश्यक कागजात सहित सूचिकृत हुनको लागि आवेदन दिनु पर्ने छ । यसरी प्राप्त आवेदनको स्थानीय तहले आवश्यक जाँचबुझ गरी सूचिकृत गर्ने छ ।यसरी सूचीकृत हुने आवेदकहरुको विवरण डिजिटल प्रविष्ट समेत सम्बन्धित स्थानीय तहले गर्नेछ ।

(झ) बुँदा नं (ज) बमोजिम सूचीकृत भएका र आवश्यक मापदण्ड पुरा गरेका सबै आवेदकहरु कार्यक्रममा आवद्ध हुन सक्नेछन् । तर स्वीकृत कार्यक्रम र बजेटको सिमितता भएको अवस्थामा सूचिकृत हुने आवेदकहरु मध्येबाट सम्बन्धित स्थानीय तहले छनौट मापदण्ड बनाई लाभग्राहीको छनौट गर्नेछ ।

(ञ) उन्नत जातमा कृषकहरुको पहुँचका लागि सहभागीतामूलक जातीय छनौट, बीउ उत्पादन कार्यक्रम तथा बस्तू विविधिकरण तथा प्रशोधन सम्बन्धी तालिम आदि प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालयबाट संचालन गरिनेछ।

(ट) कृषकहरुले मन पराएका र क्षेत्र विस्तारको लागि सम्भावना भएका रैथाने जातहरुको समेत बीउ प्लट छनोट गरिनेछ र परिषदमार्फत् त्यस्ता जातहरु दर्ता गरी राष्ट्रिय अभिलेखमा राख्नका लागि जातीय विवरण (Varietal descriptor) सहितको जात दर्ता गर्ने प्रस्ताव तयार भई राष्ट्रिय बीउ बिजन समितिमा पेश गरिनेछ।

(ठ) दर्ता भएका रैथाने जातहरुको समेत योजनाबद्ध तवरले बीज बृद्धि गरी क्षेत्र विस्तार गरिनेछ।

(ड) जैविक विविधता संरक्षणको लागि रैथाने बालीका स्थानीय जातहरु संकलन तथा पासपोर्ट डाटा तयार गरी नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको जीन बैंकलाई हस्तान्तरण गरिनेछ।

(ढ) कार्यक्रम लागू हुने जिल्लाहरुको लागि नेपाल कृषि अनुसन्धान परिषद तथा बीउ उत्पादक कृषक समूह/सहकारी तथा गैर सरकारी संस्थाहरुमार्फत् आवश्यक बीउ उपलब्ध गराइनेछ तथा कृषकले मन पराएका र सन्तोषजनक उत्पादकत्व भईरहेका रैथाने बालीका स्थानीय जातहरुलाई समेत बीउको रुपमा प्रयोगग र्नसकिनेछ र यी जातहरु राष्ट्रिय बीउ बिजन समितिमा पन्जीकरण हुने व्यवस्थाका लागि आवश्यक तयारी तथा पहल गरिनेछ।

(त) यस सम्भाग अन्तरगत देहाय अनुसारका क्रियाकलापहरु संचालन हुनेछन्:-

**(अ) सचेतना अभिवृद्धि (Awareness Enhancement):**

- महिला स्वास्थ्य स्वयंसेवक तथा आइ पि एम सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी तालिम ।
- स्थानीय तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारीमूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होर्डिङ्ग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन, सडक नाटक आदि) ।
- ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण ।
- कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरु बीच अभिमूखीकरण गोष्ठी ।

**(आ) उत्पादन सामग्री सहयोग तथा प्रविधि (Input Support and Technology):** यस अन्तरगत कृषक समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति सहभागी हुन सक्नेछन् । अनुदानमा बीउ प्राप्त गर्ने कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समूह, सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन समितिको हकमा कम्तिमा १५ रोपनीमा रैथाने बालीको सम्भव भएसम्म क्लष्टरमा खेति गरिएको हुनुपर्नेछ। यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछन्:-

- रैथाने बाली उन्नत खेति प्रविधि सम्बन्धी तालिम
- तालिम श्रोत सामग्री तयारी, प्रकाशन तथा वितरण
- अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरण
- रैथाने बालीको बीउ ढुवानीका लागि ढुवानी अनुदान
- प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप संचालन
- अनुदानमा हाते ट्र्याक्टर तथा औजार उपकरण उपलब्ध गराउने ।
- प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar संचालन गर्ने ।
- भकारो सुधार तथा कम्पोष्टिङ्ग
- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने उद्धेश्यले यो क्रियाकलाप

**(इ) उत्पादन विविधकरण तथा मूल्य अभिवृद्धि (Product diversification and Value Addition):** रैथाने बालीको प्रवर्द्धन तथा संरक्षणमा संलग्न रहेका कृषक, समूह, सहकारी, निजी उद्यमी तथा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति समावेश हुन सक्नेछन् । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछः-

- होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी तालिम संचालन ।
- उत्पादन विविधिकरण तालिम लिने सहभागीलाई सम्झौता गरी अनुदानमा औजार उपकरण तथा वस्तुगत सहयोग ।
- रैथाने बालीको प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग ।
- उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा अनुदान सहयोग ।
- बाली चुट्ने तथा फल्ने मेशिन तथा उपकरण
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः कार्यक्रम कार्यान्वयनका लागि सूचित भएका र क्लष्टरमा रैथाने बाली उत्पादन गरी प्याकेजिङ्ग र ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सहकारीका सदस्यहरुलाई उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइनेछ ।

**(ई) बजारीकरण सहयोग (Marketing support):**

- अनुदानमा रैथाने बालीका उत्पादन विक्री कक्ष (Selling Center) निर्माण
- सिलिङ मेशिनमा अनुदान सहयोग
- उत्पादित वालीको प्याकिङ्ग तथा लेवलिङ्गका लागि सामाग्रीको व्यवस्थापनमा अनुदान
- रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तीका लागि मुख्य शहरहरुमा आधारिकारिक बिक्री केन्द्र निर्माण सहयोग
- खाद्य मेला, प्राङ्गारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम
- क्रेता र बिक्रेता बीच Buy Back Agreement तथा सञ्जाल निर्माण
- प्राङ्गारिक प्रमाणिकरणका लागि लाग्ने खर्चमा अनुदान सहयोग

**(उ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation):**

- सामुदायिक बीउ बैंकको स्थापना
- रैथानै बालीको तथ्यांक संकलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन (केन्द्र तथा जिल्लास्तरमा)
- रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण राष्ट्रिय स्तरको गोष्ठी संचालन
- रैथाने बाली जातीय दर्ता प्रक्रियामा सहजीकरण
- Image Bank को स्थापनाः विभिन्न रैथाने बालीहरुको संरक्षण गर्न कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुमा रहेका रैथाने बालीहरुका डिजिटल तस्वीरहरु प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने

कार्यालयहरु मार्फत संकलन गरी संरक्षण गरिनेछ । इमेज बैंक तयार गर्दा रैथाने बालीको नाम, वैज्ञानिक नाम, फैलावट, मूख्य बानस्पतिक विवरण आदि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

- Diversity Block स्थापना: विभिन्न रैथाने बालीहरुको संकलन गरी संरक्षण गर्ने

**३ सम्झौता एवं अनुदान प्रवाहः**

(क) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीसँग आवश्यकता अनुरुप वार्ता गरी अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/सम्वन्धित स्थानीय तहले सम्झौता गरी कायदिश दिनेछ।

(ख) बुँदा (क) बमोजिम हुने सम्झौता बमोजिम प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/सम्वन्धित स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

**४. कार्यक्रम सञ्चालन गर्ने सरकार/तह/निकायको जिम्मेवारी**

**४.१ संघीय सरकारः**

(क) प्राविधिक पृष्ठपोषण

(ख) कार्यक्रम संचालनमा सहजीकरण तथा अन्तर सरकार समन्वय,

(ग) अनुगमन, मूल्याङ्कनतथा प्रगति कम्पाईलेशन ।

**४.२ प्रदेश सरकार**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) क्लष्टर पहिचान र छनौट,

(ग) लाभग्राही/अनुदानग्राही छनौट, सम्झौता एवं अनुदान प्रवाह,

(घ) प्राविधिक सेवा,

(ङ) सरकारी एवं निजी स्रोतकेन्द्र एवं स्थानीय तहहरुबीच समन्वय,

(च) सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित प्रदेशले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

(छ) अनुगमन, मूल्याङ्कन एवं प्रतिवेदन।

**४.३ स्थानीय तह**

(क) कार्यक्रम विस्तृतीकरण,

(ख) क्लष्टर पहिचान एवं छनौट,

(ग) लाभग्राही/अनुदानग्राही छनौटतथा अनुदान प्रवाह,

(घ) प्राविधिक सेवा,

(ङ) सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालन हुने कार्यक्रमको लागि संघीय निकायबाट सम्वन्धित स्थानीय तहले लागत सहभागिता गर्नुपर्ने भनि तोकिएकोमा सोही बमोजिम लागत सहभागिता सुनिश्चितता गर्ने ।

(च) अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन ।

**५. कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

**(क)विवरण प्रकाशन गर्नुपर्नेः** अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्ला स्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले अनुदानग्राहीसँग भएको सम्झौताको विवरण नियमित अध्यावधिक गरी सूचना पाटी एवं वेबसाइटमा प्रकाशन गर्नेछ ।

**(ख) प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

(अ)अनुदान प्रवाह गर्ने प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय/स्थानीय तहले चौमासिक एवं बार्षिक प्रगति विवरण बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(आ) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व.मा कार्यक्रम सञ्चालनका लागि बजेट उपलब्ध गराईने छैन ।

**(ग) अनुगमन र मूल्याङ्कनः**

(अ) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन संघीय तथा प्रादेशिक तहका सम्वन्धित निकायहरु एवं सम्वन्धित स्थानीय तहबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ ।

(आ) अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ। अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(इ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्वन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

(ई) अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(उ) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिई सम्झौता अनुरुप कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ।

(ए) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

**६. कार्यक्रम समवद्ध अनुसूची/फाराम/मूल्याङ्कनका मापदण्ड**

**(क) <u>यान्त्रिकीकरणका लागि कष्टम हायरिङ्ग स्थापनाका लागि आवश्यक न्यूनतम कृषि यन्त्रहरुको विवरण(धान)</u>**

| क स | कृषि यन्त्रहरु | कैफियत |
|---|---|---|
| १ | ट्याक्टर | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार |
| २ | ल्याण्ड लेभलर | |
| ३ | धान रोप्ने मेशिन | |

| | | |
|---|---|---|
| ४ | झार गोड्ने मेशिन | |
| ५ | सिड ड्रिल | |
| ६ | ड्रम सिडर | |
| ७ | कम्वाइन हार्भेष्टर | |
| ८ | नर्सरी ट्रे | |
| ९ | पावर विडर | |
| १० | नर्सरी सिड मेशिन | |
| ११ | ट्रयाक्टरमा जडित पावर स्प्रेयर | |
| १२ | ह्याप्पी सिडर | |
| १३ | Attachments सहितका पावर टिलर | |
| १४ | माग र आवश्यकताका आधारमा अन्य कृषि यन्त्रहरु | |

**(ख) कष्टम हायरिङ्ग संचालनका लागि कृषि यन्त्रहरुको सेट (मकै)**

| क स | कृषि यन्त्र | संख्या |
|---|---|---|
| १ | ट्रयाक्टर | १ |
| २ | Multi crop seed drill | १ |
| ३ | मकै गोड्ने मेशिन | ३ |
| ४ | Maize Harvester | १ |
| ५ | Shelling Machine | ५ |
| ६ | Weighing Machine | ५ |
| ७ | Thresher | ३ |
| ८ | मकै पिन्ने मेशिन | ५ |
| ९ | आवश्यकता र मागका आधारमा अन्य आवश्यक उपकरणहरु | |

**माथि उल्लेख गरिएका कृषि यन्त्रहरुमा मागका आधारमा थपघट गर्न सकिनेछ ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## (ग) चौमासिक/वार्षिक प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नाम: बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम
कार्यक्रम संचालन गर्ने कार्यालयको नाम:
आ.व. २०७... महिना:

### १. कार्यक्रम कार्यन्वयन अवस्था

| क.स. | यस महिनामा संचालन भएको कार्यहरु | हाल सम्मको कार्यक्रम कार्यन्वयन अवस्था |
|---|---|---|
| | | |

### २. कार्यक्रमको प्रतिफल (छनौट भएका क्लष्टर विवरण, बाली, क्षेत्रफल, लाभग्राही, रोजगारी सिर्जना आदि):

-
-
-
-

### ३. कार्यक्रम/बजेट कार्यान्वयनको अवस्था

| क. स. | वार्षिक विनियोजन (रु. हजारमा) | यस महिनाको खर्च (रु. हजारमा) | हालसम्मको खर्च (रु. हजारमा) | वार्षिक विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### ४. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा सुझावहरु

-
-
-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# स्थानीय तहमा सञ्चालित कार्यक्रमका केही झलकहरु



अन्नपुर्ण गाउँपालिका, म्याग्दी



गरुडा नगरपालिका, रौतहट






गैंडाकोट नगरपालिका, नवलपरासी



व्यास गाउँपालिका, दार्चुला



बाह्रदशी गाउँपालिका, झापा

# स्थानीय तहमा सञ्चालित कार्यक्रमका केही झलकहरु


बुद्धभूमी न.पा., कपिलवस्तु


कालिका न.पा., चितवन



मकवानपुरगढी गा.पा., मकवानपुर


देवचुली न.पा., नवलपरासी


बाँसगढी न.पा., बर्दिया


सुनवर्षी न.पा., मोरङ